# फैसला बिशेषाङ्क
# २०७२

प्रशासकीय अदालत
सिंहदरवार

# विषय सूची


१. केशव बहादुर थापा विरुद्ध कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय

२. दुर्गादास महर्जन विरुद्ध भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत

३. गमबहादुर तामाङ्ग विरुद्ध सूचना तथा सञ्चार मन्त्रालय समेत

४. शेरसिंह ठगुन्ना विरुद्ध वन तथा भू-संरक्षण मन्त्रालय समेत

# भूमिका

कुनै पनि मुलुक आफैंमा विपन्न हुँदैन । भूगोल, जलवायु, संस्कृति र अज्ञानता जस्ता कतिपय कुराले केही प्रभाव पार्ने भए पनि मूलतः राजनीतिक अस्थिरता, कुशासन, नकारात्मक सोच र गलत प्रवृत्तिका कारण मुलुक विपन्न हुने हो । विधि नमान्ने, जवाफदेहिता वहन नगर्ने, भ्रष्टाचार र अनियमितता हुने जस्ता कारण त्यस्ता मुलुकमा कानूनी शासनको अवस्था कमजोर रुपमा रहेको हुन्छ । राजनीतिक स्थायित्व, सुशासन र निष्ठापूर्वक कार्य सम्पादन गर्ने कार्यशैली र व्यवहारबाट नै कानूनी राज्यप्रतिको विश्वास बढाउन सकिन्छ ।

नेपाल सम्मूनतः राष्ट्र निर्माणका निम्ति नयाँ संवैधानिक राज्य व्यवस्थामा रुपान्तरण हुँदैछ । संविधान बन्नु मात्रैले पनि विधिको शासन कायम भइहाल्छ भन्ने होइन । यसका निम्ति कानून मान्ने संस्कृतिको विकास त्यत्तिकै आवश्यक हुन्छ । संवैधानिक संस्कृतिको विकास गर्न सकेमा नै लोकतन्त्रको संस्थागत सुदृढीकरण हुने हो । यस सन्दर्भमा राज्य शक्ति प्रयोग गर्नेहरुले संविधान र कानूनको दायराभित्र रही जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्नु अहिलेको आवश्यकता हो ।

कानूनको पालना सबैबाट भएमा नै कानूनी राज्यको अवधारणा अर्थपूर्ण हुने हो । यस सम्बन्धमा कानूनी शासनको पालना गर्ने गराउने कार्यका निम्ति सम्बन्धित क्षेत्रलाई केही सहयोग पुग्ने उद्देश्यका साथ यस अदालतबाट भएका केही फैसलाहरु समावेश गरी प्रस्तुत **फैसला संग्रह, २०७२** प्रकाशन गरिएको छ । यस फैसला संग्रह प्रकाशन गर्न सहयोग पुऱ्याउनु हुने सम्बन्धित सबैमा धन्यवाद दिन चाहन्छु । धन्यवाद !

२०७२, भाद्र

(काशीराज दाहाल)
अध्यक्ष
प्रशासकीय अदालत

## १. केशव बहादुर थापा विरुद्ध कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय

# प्रशासकीय अदालत

## इजलास

**श्री काशीराज दाहाल............... अध्यक्ष**
**श्री कुमार योञ्जन तामाङ्ग ....... सदस्य**
**श्री राजन खनाल ..................... सदस्य**

## फैसला

सम्वत् २०७१ सालको पु.वे.नं.......... २४

**मुद्दा :-विभागीय सजाय ।**

भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं १६ लोकन्थली बस्ने केशव बहादुर थापा ........................................................................ १ पुनरावेदक पक्ष

**विरूद्ध**

श्री कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय...................... १ प्रत्यर्थी विपक्षी

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र निर्णय यसप्रकार छ :-

नेपाल सरकारको मिति २०६९।४।९ को निर्णयानुसार कम्पनी रजिष्ट्रारको कार्यालयको कानुन अधिकृत (राजपत्राङ्कित द्वितीय श्रेणी) पदबाट न्याय सेवा तालीम केन्द्रको उप-तालीम प्रमुख (रा.प.द्वितीय) पदमा काज खटाइएकोमा काज खटाएको पत्र मिति २०६९।५।१७ मा आफैंले बुझिलिनु भएको, तत्पश्चात् भदौदेखि कार्तिकसम्म तीन महिनाको लागि बिदा स्वीकृत गरी पाउन तपाईले मिति २०६९।७।३ मा सचिवलाई सम्वोधन गरी फ्याक्समार्फत निवेदन दिनु भएकोमा आफू खटिएको कार्यालयमा बिदा माग गर्नु भन्ने व्यहोराको मिति २०६९।७।१५ को पत्र हुलाकमार्फत रजिष्ट्रि गरी पठाइएको, न्याय सेवा तालीम केन्द्रको मिति २०६९।९।१९ को पत्रबाट तपाई सो मितिसम्म पनि न्याय सेवा तालीम केन्द्रमा हाजिर हुनु नभएको र कुनै बिदा पनि माग गर्नु नभएको भनी केन्द्रबाट लेखी आएकोमा तपाई काजमा खटिनु भएको पत्र बुझेको मिति २०६९।५।१७ देखि हालसम्म लगातार ९० दिनभन्दा बढी अवधिसम्म खटिएको कार्यालयमा अनुपस्थित हुनु भएको कारण निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको आरोपमा तपाई उपर विभागीय कारवाही किन नगर्ने ? कारवाही नगर्नु पर्ने कुनै कारण भए सोही ऐनको दफा ६६ बमोजिम यो पत्र प्राप्त भएको मितिले बाटाका म्यादबाहेक ३० (तीस) दिनभित्र आफ्नो सफाई पेश गर्नु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०६९।१०।९ को निर्णयानुसार अनुरोध गर्दछु भन्ने समेत व्यहोराको कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयले मिति २०६९।१०।९ मा यी पुनरावेदकलाई सफाई पेश गर्ने वारे लेखेको पत्र ।

कम्पनी रजिष्ट्रारको कार्यालयको कानुन अधिकृत पदमा न्याय सेवा तालीम केन्द्रमा खटाएको पत्र बुझे पश्चात् म न्याय सेवा तालीम केन्द्रमा हाजिर हुनको लागि सम्पर्क राख्न गएको व्यहोरा अनुरोध छ। त्यहाँ कर्मचारी प्रशासन शाखामा सम्पर्क राखी हाजिर हुन अनुरोध गर्दा मैले कम्पनी रजिष्ट्रारको कार्यालयबाट रमानाको पत्र ल्याएपछि मात्र हाजिर गर्न मिल्ने व्यहोरा जानकारी गराए पश्चात् मैले कम्पनी रजिष्ट्रारको कार्यालयमा न्याय सेवा तालीम केन्द्रंको नाममा पत्र लेखी दिन निवेदन लेखी पठाएँ। त्यहाँ मैले पटक-पटक अनुरोध गर्दा समेत कुनै पत्र नपाएको हुँदा म पत्रको अभावमा न्याय सेवा तालीम केन्द्रमा हाजिर हुन असमर्थ रहें। यस्तो स्थितिमा मैले सचिवज्यूलाई सम्वोधन गरी बिदाको लागि निवेदन दिनु नै उपयुक्त देखि निवेदन दिएको हुँ। आफू खटिएकै कार्यालयमा बिदा माग गर्नु भन्ने व्यहोराको पत्र म स्वयंले पाउन सकिन। अतः मैले निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) ले गरेको व्यवस्था प्रतिकूल हुने गरी कार्य गर्ने मनसाय राखेको होइन। पटक-पटकको अनुरोध पश्चात् पनि मलाई कम्पनी रजिष्ट्रारको कार्यालयले पत्र नदिएको र सो पत्रको अभावमा न्याय सेवा तालीम केन्द्रमा हाजिर हुन नसकेको हुँदा मलाई निजामती सेवा ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (छ) अनुसार विभागीय कारवाही नहोस् भनी अनुरोध गर्दै यो सफाई पेश गरेको छु भन्ने समेत व्यहोराको मिति २०६९।११।२० मा यी पुनरावेदकले कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयमा पेश गरेको स्पष्टीकरण जवाफ।

नेपाल सरकारको मिति २०६९।४।९ को निर्णयानुसार कम्पनी रजिष्ट्रारको कार्यालयको कानुन अधिकृत ( राजपत्राङ्कित द्वितीय श्रेणी) पदबाट न्याय सेवा तालीम केन्द्रको उप-तालीम प्रमुख (रा.प.द्वितीय) पदमा काज खटाइएकोमा काज खटाएको पत्र मिति २०६९।५।१७ मा आफैंले बुझिलिनु भएको, तत्पश्चात् भदौदेखि कार्तिकसम्म तीन महिनाको लागि बिदा स्वीकृत गरी पाउन तपाईले मिति २०६९।७।३ मा सचिवलाई सम्वोधन गरी फ्याक्समार्फत निवेदन दिनु भएकोमा आफू खटिएको कार्यालयमा बिदा माग गर्नू भन्ने व्यहोराको मिति २०६९।७।१५ को पत्र हुलाकमार्फत रजिष्ट्री गरी पठाइएको, न्याय सेवा तालीम केन्द्रको मिति २०६९।९।१९ को पत्रबाट तपाई सो मितिसम्म पनि न्याय सेवा तालीम केन्द्रमा हाजिर हुनु नभएको र कुनै बिदा पनि माग गर्नु नभएको भनी सो केन्द्रबाट लेखी आएकोमा तपाई काजमा खटिनु भएको पत्र बुझेको मिति २०६९।५।१७ देखि हालसम्म लगातार ९० दिनभन्दा बढी अवधिसम्म खटिएको कार्यालयमा अनुपस्थित हुनु भएको कारण निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको आरोपमा तपाई उपर विभागीय कारवाही किन नगर्ने ? कारवाही नगर्नु पर्ने कुनै कारण भए सोही ऐनको दफा ६६ बमोजिम यो पत्र प्राप्त भएको मितिले बाटाका म्यादबाहेक ३० (तीस) दिनभित्र आफ्नो सफाई पेश गर्नु हुन भनी सफाईको मौका दिइएकोमा तपाईले मिति २०६९।११।२० मा सचिवज्यूलाई सम्वोधन गरी दिनु भएको निवेदनमा न्याय सेवा तालीम केन्द्रमा हाजिर हुने शिलशिलामा कर्मचारी प्रशासन शाखामा सम्पर्क राखी हाजिर हुन अनुरोध गर्दा कम्पनी रजिष्ट्रारको कार्यालयबाट रमाना पत्र ल्याएपछि मात्र हाजिर गर्न मिल्ने व्यहोरा जानकारी गराएकोले मैले कम्पनी रजिष्ट्रारको कार्यालयमा न्याय सेवा तालीम केन्द्रको नाममा पत्र लेखी दिन निवेदन लेखी पठाई पटक पटक अनुरोध गर्दा समेत कुनै पत्र नपाएको हुँदा म पत्रको अभावमा न्याय सेवा तालीम केन्द्रमा हाजिर हुन असमर्थ रहेकोले मैले सचिवज्यूलाई सम्वोधन गरी बिदा माग गरेकोमा खटिएकै कार्यालयबाटै बिदा माग गर्नू भन्ने व्यहोराको पत्र मैले पाउन नसकेको हुँदा निजामती सेवा ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम विभागीय कारवाही नहोस् भनी सफाई पेश गर्नुभएको देखिन्छ। काज खटिएको वा सरुवा भएको कार्यालयमा नियमानुसार रमाना हुन जानुपर्नेमा विना रमाना हाजिर हुन गएको र रमाना पत्रको अभावमा न्याय सेवा तालीम केन्दंमा हाजिर हुन नसकेको भनी तपाईले पेश गर्नु भएको सफाई सन्तोषजनक देखिएन। तसर्थ तपाईलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट किन नहटाउने, सोही

ऐनको दफा ६७ बमोजिम यो पत्र प्राप्त भएको मितिले बाटाको म्यादबाहेक तीस दिनभित्र स्पष्टीकरण पेश गर्नु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०६९।१२।२२ को निर्णयानुसार अनुरोध गर्दछु भन्ने समेत व्यहोराको कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयले यी पुनरावेदकलाई मिति २०६९।१२।२३ मा पुनः स्पष्टीकरण माग गरिएको पत्र ।

न्याय सेवा तालीम केन्द्रका उप-तालीम प्रमुख (रा.प.द्वितीयश्रेणी) पदमा रहनु भएका तपाई केशवबहादुर थापा मिति २०६९।५।१७ देखि हालसम्म बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुनु भएको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसुरमा तपाई उपर विभागीय कारवाही किन नगर्ने ? भनी सफाई पेश गर्न पत्र पठाइएकोमा तपाईले मिति २०६९।११।२० मा पेश गरेको सफाई सन्तोषजनक नभएको हुँदा सोही कसुरमा उक्त ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट किन नहटाउने भनी सो ऐनको दफा ६७ बमोजिम स्पष्टीकरण पेश गर्न तपाईको घरको हालको ठेगानामा मिति २०६९।१२।२३ मा पत्र पठाउँदा समेत तोकिएको म्यादभित्र तपाइबाट स्पष्टीकरण पेश हुन नआएकाले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र स्पष्टीकरण पेश गर्नुहोला अन्यथा निजामती सेवा ऐन तथा नियमावली बमोजिम विभागीय सजाय हुने व्यहोरा निर्णयानुसार सूचित गरिन्छ भन्ने समेत व्यहोराको कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका उप-तालीम प्रमुख यी पुनरावेदकलाई मिति २०७०।४।३१ को गोरखापत्रमा प्रकाशित सूचना ।

मिति २०६६।६।१९ भन्दा अगाडि पनि धेरै पटक कार्यालयमा अनुपस्थित भई २०६६।६।२० देखि २०६७।५।१७ सम्म बिदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी कार्यालयमा अनुपस्थित रहेको देखिँदा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) र दफा ६१क को उपदफा (३) अनुसार कारवाही गर्नको लागि राष्ट्रिय सतर्कता केन्द्रको मिति २०६९।४।१७ को पत्रबाट लेखि आएको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ६१६ मिति २०७०।१।८ को पत्रबाट निज केशवबहादुर थापा हाल तहाँ मन्त्रालय वा मातहतमा हालसम्म अनुपस्थित नै रहेको भए प्रचलित निजामती ऐन, नियम बमोजिम निज उपर भएको कारवाहीको अवस्थाबारे जानकारी गराउन भनी र राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७०।४।१७ को पत्रबाट निज केशव बहादुर थापा उपर कानुन बमोजिम कारवाही गरी जानकारी गराउनु भनी यस मन्त्रालयमा लेखि आएको तथा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएकोले निजलाई सो ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सजाय किन नगर्ने भनी दफा ६७ बमोजिम स्पष्टीकरण पेश गर्न मिति २०७०।४।३१ को गोरखापत्रमा १५ दिने म्याद दिई सूचना प्रकाशित गरिएकोमा सो म्यादभित्र निजले स्पष्टीकरण पेश नगर्नु भएबाट निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउनु पर्ने भएको हुँदा सो बमोजिम विभागीय सजाय गर्ने सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ को उपधारा (१) तथा न्याय सेवा आयोग ऐन, २०४८ को दफा ३ बमोजिम सिफारिस भई आउन सो सम्बन्धी सक्कलै फाईल समेत यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध गरिन्छ भन्ने समेत व्यहोराको मिति २०७०।८।१२ मा कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयले न्याय सेवा आयोगलाई विभागीय सजाय सम्बन्धमा लेखेको पत्र ।

नेपाल न्याय सेवा कानुन समूहको रा.प. द्वितीय श्रेणीको पदमा वहाल भएका केशवबहादुर थापालाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सिफारिसको कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको प.स.न्या.प्र. १५ च.नं ७६७ मिति २०७०।८।१२ को पत्र न्याय सेवा आयोगको बैठकमा पेश हुँदा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको अवस्थामा सोही ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ र

न्याय सेवा आयोग ऐन, २०४८ को दफा ३ बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्ने भनी न्याय सेवा आयोगबाट मिति २०७१।८।७ मा निर्णय भएकोले कारवाही फाइल समेत राखी आवश्यक कारवाहीको लागि अनुरोध गर्दछु भन्ने समेत व्यहोराको मिति २०७१।८।८ मा न्याय सेवा आयोगले विभागीय कारवाही सम्बन्धमा कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयलाई लेखेको पत्र ।

नेपाल न्याय सेवा, कानुन समूहको रा.प.द्वितीय श्रेणीका केशवबहादुर थापालाई नेपाल सरकार (सचिवस्तरीय) को मिति २०६९।४।९ को निर्णयको आधारमा मन्त्रालयको सोही मितिको पत्रबाट कम्पनी रजिष्ट्रारको कार्यालयबाट न्याय सेवा तालीम केन्द्रको उप-तालीम प्रमुखको पदमा काजमा खटाइएकोमा नेपाल सरकारको मिति २०६९।१०।१८ को निर्णयानुसार निजलाई न्याय सेवा तालीम केन्द्रको उप-तालीम प्रमुख पदमा सरुवा गरिएको, निजले काजमा खटाइएको पत्र मिति २०६९।५।१७ मा बुझे पनि सचिवज्यूलाई सम्बोधन गरी मिति २०६९।७।३ मा फ्याक्समार्फत कुनै किसिमको बिदा उल्लेख नगरी भदौदेखि कार्तिक सम्म ३ महिनाको लागि बिदा स्वीकृत गरिपाउन निवेदन दिनु भएकोमा आफू खटिएकै कार्यालयमा बिदा माग गर्नु हुन निजलाई २०६९।७।१५ को पत्रबाट जानकारी गराइएको, साथै मिति २०६९।९।१९ को पत्रबाट निज कार्यालयमा हाजिर भए वा नभएको र नभएको भए कुनै किसिमको बिदा माग गरे नगरेको सम्बन्धमा न्याय सेवा तालीम केन्द्रमा लेखी पठाइएकोमा सो केन्द्रको मिति २०६९।९।१९ को पत्रबाट निज केन्द्रमा हाजिर हुनु नभएको र निजले कुनै किसिमको बिदा माग गर्नु नभएको व्यहोरा केन्द्रबाट मन्त्रालयलाई जानकारी गराइएकोले मिति २०६९।५।१७ मा काजमा खटाइएको पत्र बुझेपछि बिदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी खटिएको कार्यालयमा अनुपस्थित रहेकोले निज केशवबहादुर थापासँग निजामती सेवा ऐन, २०४९ को दफा ६६ को उपदफा (१) बमोजिम ३० दिनको म्याद दिई सफाई माग गरिएकोमा निजले न्याय सेवा तालीम केन्द्रमा हाजिर हुन अनुरोध गर्दै कम्पनी रजिष्ट्रारको कार्यालयमा पटक-पटक अनुरोध गर्दा कुनै पत्र प्राप्त गर्न नसकेको हुँदा न्याय सेवा तालीम केन्द्रमा हाजिर हुन नसकेको भन्ने समेतको व्यहोराको सफाई पेश गरेकोमा रमाना लिई कार्यालयमा उपस्थित हुने जिम्मेवारी सम्बन्धित कर्मचारीको नै भएको र सो विषयमा निजले कुनै थप प्रयास गरेको भन्ने समेत नदेखिएकोले सो सफाईको व्यहोराबाट बिदा स्वीकृत नगराई अनुपस्थित हुनुपर्ने कारण सन्तोषजनक देखिएन । तसर्थ ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसूरमा ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सजाय निजलाई किन नगर्ने ? सो गर्नू नपर्ने कुनै सबुत प्रमाण वा कारण केही भए १५ दिनभित्र स्पष्टीकरण पेश गर्नु भनी ऐनको दफा ६७ बमोजिमको स्पष्टीकरण माग गरी मिति २०७०।४।३१ को गोरखापत्रमा सूचना समेत प्रकाशित गरिएकोमा निजले तोकिएको समयभित्र स्पष्टीकरण पेश गरेको देखिएन । यस सम्बन्धमा सङ्कलन भएका कागजात, बुझिएका सबुद प्रमाण र पेश भएको सफाई तथा तोकिएको म्यादभित्र स्पष्टीकरण पेश नगरेको अवस्था उपर समेत विचार गर्दा नेपाल सरकारको मिति २०६९।४।९ को निर्णयानुसार काज खटाइएको तथा मिति २०६९।१०।१८ को निर्णयानुसार सरुवा गरिएको कार्यालय न्याय सेवा तालीम केन्द्रमा हाजिर नभई बिना सूचना लगातार नब्बे दिनभन्दा बढी अनुपस्थित भई निज केशबहादुर थापाले ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसूर गरेको देखिएकोले निज केशव बहादुर थापा उपर ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) को सजाय प्रस्ताव गरी सो सजाय गर्नको निमित्त नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ को उपधारा (१) तथा न्याय सेवा आयोग ऐन, २०४८ को दफा ३ बमोजिम न्याय सेवा आयोगको मिति २०७१।८।७ को निर्णयानुसार सिफारिस प्राप्त भए अनुरुप निज केशवबहादुर थापालाई निजामती सेवा नियमावली, २०५० को नियम ११२ को उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम निजले काजको पत्र बुझेको मिति २०६९।५।१७ देखि नब्बेदिन अनुपस्थित भएको भोलिपल्ट अर्थात मिति २०६९।८।१६ देखि लागू हुने गरी ऐनको दफा ५९ को खण्ड (ख) को उपदफा (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय दिने निर्णय आदेश गरिएको छ । यो आदेशमा चित्त नबुझेमा निजामती सेवा नियमावली, २०५० को नियम ११४ को

खण्ड (घ) को म्यादभित्र प्रशासकीय अदालत समक्ष पुनरावेदन दिन सकिनेछ भन्ने समेत व्यहोराको मिति २०७१।९।१ मा कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका सचिवले गरेको विभागीय सजायको आदेशको निर्णय ।

मिति २०६९।५।१७ मा म न्याय सेवा तालीम केन्द्रमा हाजिर हुन गएको हुँ, न्याय सेवा तालीम केन्द्रको प्रशासन शाखामा सम्पर्क राख्दा आफू कार्यरत रहेको कार्यालयबाट रमाना पत्र लिई आएपछि मात्र हाजिर हुन मिल्ने जानकारी पाएपछि मैले आफू कार्यरत रहेको कम्पनी रजिष्ट्रारको कार्यालयमा रमाना पत्रको लागि निवेदन दिई एवं मौखिक रुपमा समेत पटक-पटक अनुरोध गर्दा उक्त कार्यालयबाट रमाना पत्र नपाएको कारणले आफू खटिएको कार्यालयमा हाजिर हुन नसकेको व्यहोरा सादर अनुरोध छ । यसरी लामो समय गैर हाजिर हुने अवस्था सृजना हुने स्थितिलाई दृष्टिगत गरी एवं निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को प्रतिकूल हुने भई ९० दिनभन्दा बढी गैर हाजिर हुने स्थितिलाई ध्यानमा राखी मैले मिति २०६९।७।३ मा मन्त्रालय समक्ष आवश्यक बिदाका लागि निवेदन दिएको थिएँ । आफू न्याय सेवा तालीम केन्द्रमा हाजिर हुन नसकेको स्थितिमा मैले बिदाको माग तालीम केन्द्रमा गर्नु उपयुक्त हुने नदेखि मैले बिदाको माग मन्त्रालय समक्ष गरेको हो । उक्त वस्तुगत तथ्य र आधारलाई न्यायिक मन र विवेकको सर्वथा उल्लघंन हुने गरी मिति २०७१।९।१ मा सचिवज्यूबाट मलाई सेवाबाट हटाउने गरी भएको निर्णय आदेश प्रथम दृष्टिमा नै त्रुटिपूर्ण एवं कानुन विपरीत भएको स्पष्ट देखिन्छ। अतः उक्त निर्णय बदर गरी  पाउँ । मैले न्याय सेवा तालीम केन्द्रमा रमाना पत्रको अभावमा हाजिर हुन असमर्थ भएको हुँदा मिति २०६९।७।३ मा फ्याक्समार्फत कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयमा बिदाको लागि निवेदन पेश गरेको अवस्था विद्यमान हुँदाहुँदै मैले बिदाको लागि दिएको निवेदनमा कारवाही गरी बिदा स्वीकृत गर्नुपर्नेमा मलाई सेवाबाट हटाउनका लागि मेरो बिदा स्वीकृत नगरी सम्पर्क नगरेको भनी सेवाबाट हटाउनु त्रुटिपूर्ण रहेको हुँदा उक्त निर्णय वदर गरी मलाई सेवामा वहाल गरी पाउँ। मैले आफू खटिएको कार्यालयमा हाजिर हुन अनुरोध गरेको र आफू पहिले कार्यरत रहेको कार्यालयबाट रमाना पत्र पाउन असमर्थ रहेको हुँदा सो विषयमा आफ्नो स्पष्ट व्यहोरा उल्लेख गरी हाजिर हुने व्यवस्था गरीदिन अनुरोध गरी स्पष्टीकरण पेश गरेको थिएँ । यसरी उक्त स्पष्टीकरणमा उल्लेख गरेको विषयलाई बेवास्ता गरी मलाई सेवाबाट हटाउने निर्णय गर्नु त्रुटिपूर्ण एवं कानुन विपरित रहेको व्यहोरा सादर अनुरोध छ । निजामती सेवा ऐन, २०४९ को दफा ६१ बमोजिम आफू कार्यरत रहेको कार्यालयमा ९० दिनभन्दा बढी लगातार हाजिर नभई बेवास्ता पूर्वक बसेको स्थितिमा उक्त ऐनको प्रावधान लागू हुने तर मैले यथा समयमा बिदाको माग गरी मन्त्रालयमा निवेदन दिई सकेको अवस्था विद्यमान हुँदाहुँदै एवं मलाई आफू कार्यरत रहेको कम्पनी रजिष्ट्रारको कार्यालयबाट रमाना नदिएको कारण खटिएको कार्यालयमा उपस्थित हुन नसकेको अवस्थामा मलाई सचिवज्यूबाट ऐनको मनसाय विपरित सेवाबाट हटाउने निर्णय गर्नु कानुनसम्मत नभएको हुँदा उक्त निर्णय बदर गरी मलाई मेरो सेवामा यथावत वहाल गरी पाउँ । म पुनरावेदकलाई मिति २०६९।४।९ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट काज सरुवा र मिति २०६९।१०।१८ मा सरुवा गरेको र मिति २०६९।१०।९ मा मन्त्रालयबाट स्पष्टीकरण सोधिएको थियो। मैले उक्त स्पष्टीकरणको जवाफ समेत दिएको थिए। मलाई स्पष्टीकरण सोधिएको २ वर्ष सम्म मेरो सम्बन्धमा कुनै निर्णय नगरी मानसिक तनावमा राखी दुई वर्षपछि सेवाबाट हटाउने निर्णय गरी मेरो बढुवा लगायतका सेवा सुविधाहरुमा गम्भीर असर पुग्ने गरी म प्रति दूरासय राखी भएको उक्त निर्णय त्रुटिपूर्ण भएको हुँदा निर्णय वदर गरी सेवामा वहाल गरी पाउँ, मलाई सेवाबाट हटाउने गरी गरिएको निर्णय कानुन विपरित, कानुनको गलत विवेचना र तथ्यगत आधारमा नगरी पूर्णतः आत्मकेन्द्रित भई सेवाबाट हटाउने गरी निर्णय गरेको हुँदा उक्त सेवाबाट हटाउने निर्णय बदर गरी सेवामा वहाल गरी पाउँ भन्ने समेत व्यहोराका यी पुनरावेदकले मिति २०७१।११।१२ मा  यस अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

समयमा नै बिदाको माग गरी मन्त्रालयमा निवेदन दिइसकेको अवस्थामा ऐनको मनसाय विपरित हुने गरी सेवाबाट हटाउने गरी भएको निर्णय कानुनसम्मत नभएको भन्ने पुनरावेदकको जिकिर विचारणीय भएकोले

अ.व.२०२ नं.बमोजिम प्रत्यर्थी मन्त्रालयलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत सूचना दिई नियमानुसार पेश गर्नू भन्ने समेत व्यहोराको मिति २०७२।१।७ मा यस अदालतबाट भएको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकको पुनरावेदन पत्र एवम् निज पुनरावेदक यस इजलास समक्ष उपस्थित भई प्रस्तुत गरेको जिकिरमा निजले बिदाको निवेदन दिइसकेको अवस्थामा त्यसको स्वीकृत वा अस्वीकृत भएको कुनै जानकारी नदिएपछि निजामती सेवा नियमावली, २०५० को नियम ६४ बमोजिम बिदा स्वीकृत भएको मान्नु पर्नेमा विभागीय सजायको कारवाही गरिएको निर्णय सो नियम ६४ समेतको विपरित भएको, स्पष्टीकरण माग गरिएको दुई वर्ष पछि सजाय गर्नु पूर्वाग्रह प्रेरित भएकोले विभागीय सजायको निर्णय बदर हुनुपर्छ भन्ने जिकिर तथा विपक्षी तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालयका उपन्यायाधिवक्ता श्री यादवप्रसाद पौडेलले यी पुनरावेदक केशव थापा बिदा स्वीकृत नगराई मिति २०६९।५।१७ देखि लगातार ९० दिनभन्दा बढी कार्यालयमा हाजिर नभएको अवस्था हुँदा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको आरोपमा अख्तियारवालाबाट विभागीय कारवाही प्रक्रिया प्रारम्भ गरी सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको विभागीय सजायको निर्णय कानुनसम्मत भएको, बिदाको निवेदन दिँदैमा बिदा स्वतः स्वीकृत भइहाल्ने पनि होइन, यस्तो अवस्थामा नियम ६४ आकर्षित हुने पनि होइन, निजलाई गरेको सजायमा कुनै त्रुटी नहुँदा सदर हुनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनी सम्बन्धित मिसिल कागजात अध्ययन गरी हेर्दा कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका सचिवबाट मिति २०७१।९।१ मा यी पुनरावेदकलाई गरेको विभागीय सजायको निर्णय कानुनसम्मत छ छैन ? र सो निर्णय बदर हुनुपर्ने हो, होइन ? भन्ने विषयमा नै यस अदालतले निर्णय दिनुपर्ने देखिन आयो ।

**विधिको शासनप्रति प्रतिबद्ध भई कानुनको सम्मान, पालना र प्रचलन गर्नु गराउनु तथा सेवाग्राहीप्रति उत्तरदायी हुनुपर्ने राष्ट्रसेवक निजामती कर्मचारीको रुपमा रहेका यी पुनरावेदकउपर लगाएको आरोप र निजको यस सम्बन्धी कार्य र व्यवहार कानुनसम्मत छ छैन ? भन्ने प्रश्नतर्फ विचार गर्ने सन्दर्भमा सर्वप्रथम यस सम्बन्धी कानुनमा अन्तरनिहीत सिद्धान्तको अध्ययन गरी निष्कर्षमा पुग्नु पर्ने अवस्था देखियो । आधुनिक राज्यका कार्यक्षेत्रहरु बिस्तार भइरहेका छन् । शान्ति सुरक्षा कायम गर्नेदेखि मानव अधिकारको संरक्षण र प्रचलन, विकास निर्माण, सामाजिक सुरक्षा लगायत सामाजिक न्यायका सिद्धान्तलाई व्यवहारमा रुपान्तरण गर्नुपर्ने राज्यको दायित्व रहेको छ । राज्यशक्ति प्रयोग गर्नेहरुले मुलुकको सार्वभौमसत्ता र अखण्डता अक्षुण राख्दै मौलिक हक तथा मानवअधिकारको संरक्षण र सम्बर्द्धनका साथै राष्ट्रिय हित अनुरुप कार्य गर्ने गरी जीवन पद्धतिलाई रुपान्तरण गर्नु पर्ने गरी आफ्नो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । राष्ट्र हित प्रतिकूलको आचरण र कार्य आफैमा दण्डनीय हुन्छ । राष्ट्र समृद्ध हुन राज्यप्रतिको वफादारिता, सुशासनमैत्री व्यवहार, कानुनी शासनप्रतिको प्रतिबद्धता, कानुन, न्याय र नैतिकताको जगमा उभिएर कार्य गर्ने संस्कृतिको विकास जस्ता कुरा आवश्यक हुन्छ । यसो नभएमा मुलुकको वैधानिकतामा क्षयीकरण हुने, सार्वजनिक नैतिकता खस्किने, जवाफदेहिताको संस्कृतिभन्दा दण्डहिनताको संस्कृढतम ‍ैलाई कानुनी शासनप्रतिको विश्वास धुमिल हुन पुग्दछ । राज्यको अस्तित्व र गतिशीलता राज्यशक्ति प्रयोग गर्नेहरुले सम्पादन गरेको कार्य र त्यसको वैधता, स्थायित्व, समन्याय र न्यायमा निर्भर रहन्छ । यसका लागि कानुन बमोजिम कार्य गर्ने संस्कारको विकास हुनुपर्दछ । कानुनप्रति सर्वसाधारणको आशा र विश्वास (Law, the common man's hope) रहने कारण विधिको शासन (Rule of Law) र कानुनको सर्वोपरिताको मान्यता (majesty of law) को विकास भएको हो । कानुनले अधिकार प्रदान गर्ने, व्यवस्थालाई नियमन गर्ने र कार्यसम्पादन गर्दा संयमतापूर्वक गर्न लगाउने व्यवस्था गर्दछ (Law confers, regulates and restraints) । कानुन थाहा थिएन, थाहा नपाएका कारण दायित्वबाट छुट हुनुपर्दछ भन्ने जिकिर समेत मान्य नहुने हुँदा कानुनको सबैले जानकारी लिनु पर्ने र आफ्नो जीवनशैली कानुनसम्मत बनाउनु पर्ने**

**हुन्छ। मानव अधिकार र न्यायका मान्य सिद्धान्तको जगमा उभिएर बनेको कानुनले समाजलाई पनि सभ्य र मर्यादित बनाउन सहयोग पुऱ्याउँदछ। त्यस्तो कानुनप्रति जनताको विश्वास रहन्छ। कानुनले बृहत्तर जनताको हितलाई सम्बोधन गर्नु पर्दछ।** यस सिद्धान्तको पृष्ठभूमिमा प्रस्तुत मुद्दासँग सम्बद्ध निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) मा अन्तर्निहित सिद्धान्तको व्याख्या गर्नु पर्ने हुन्छ।

बिदा स्वीकृत गराई वा नगराई पदाधिकार मुलुकमा राखेर विदेशमा स्थायी आवासीय अनुमति लिएर बस्ने प्रवृत्तिहरु निजामती सेवा लगायतका विभिन्न सेवा र क्षेत्रहरुमा देखिनुले सार्वजनिक पदमा बसेका व्यक्तिहरुको मुलुकप्रतिको वफादारिता खस्किँदै गएको कारण राज्यले विदेशी मुलुकमा स्थायि रुपले बसोवास गर्न पाउने गरी डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीनकार्ड प्राप्त गरेकाहरुलाई कानुनी कारवाहीको दायरामा ल्याउने विशेष कानुनी व्यवस्था गर्नुपरेको अवस्था छ। यो सिद्धान्त निजामती सेवामा मात्र सीमित नगराई राज्यकोषबाट सुविधा वा अनुदानप्राप्त गर्ने जुनसुकै निकायमा रहेकाहरुका निम्ति पनि लागू गर्नुपर्ने आवश्यकता छ। यस विषयमा राज्य स्वयम् पनि समयमै सचेत भई यसलाई नियमन गर्ने प्रभावकारी व्यवस्था गर्न नसकेमा राष्ट्रिय हितमा प्रतिकूल प्रभाव परी मुलुकको अस्मितामा नै गंभिर असर पुग्ने खतरा रहन्छ। यसमा राज्य सञ्चालन गर्ने जिम्मेवार व्यक्तिहरु समयमै ज्यादै गम्भीर र संवेदनशील हुनुपर्ने देखिन्छ। राष्ट्रको हितमा समर्पित हुने सपथ खाएका सार्वजनिक पदाधिकारी डि.भि., पि.आर., ग्रिनकार्ड प्राप्त गरी विदेशमा बस्ने मोहका कारण राज्यप्रतिको वफादारिता, जवाफदेहिता र उत्तरदायित्व कमजोर हुँदै गएकाले निजामती सेवालाई गुणस्तरीय र सेवामूलक बनाउन निजामती कर्मचारीलाई बिदा स्वीकृत नगरी नब्बे दिनभन्दा बढी कार्यालयमा अनुपस्थित भएमा त्यस्ता कर्मचारीलाई सेवाबाट हटाउने वा डि.भि., पि.आर, ग्रीनकार्ड प्राप्त गरेकाहरुलाई सुविधाबाट वञ्चित हुने गरी सेवाबाट वर्खास्त गर्ने कानुनी व्यवस्था गर्नुपरेको अवस्था देखिन्छ।

बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहने निजामती कर्मचारीलाई सेवाबाट हटाउने उद्देश्यले विधायिकाबाट निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) र दफा ६१**क.** को उपदफा (३) मा विशेष व्यवस्था गरेको देखिन्छ। यस्तो व्यवस्था गर्नुको मुख्य उद्देश्य सेवाग्राहीप्रति जिम्मेवार हुनुपर्ने राष्ट्रसेवक कर्मचारी सेवाप्रति जिम्मेवार नभई कार्यालयको मर्यादा र कानुनी जिम्मेवारी वहन नगरी सेवाप्रति प्रतिबद्ध हुने नगरेको व्यवहारिक अनुभवका आधारमा गरेको भन्ने देखिन्छ। कानुन बनिसकेपछि त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। यदि त्यसको पालना गर्न गराउन उदासिन देखाएमा वा कानुन मिच्ने कार्य गरेमा कानुनी शासनप्रतिको विश्वास टुट्न सक्छ। कानुनी शासन सिद्धान्तको विकास गर्नुको कारण नै कानुनप्रतिको सम्मान र सोही बमोजिमको आचरण र व्यवहार गर्नका लागि नै हो। **राज्य र कानुन एकअर्काप्रति अन्योन्याश्रित भएकाले न्याय र नैतिकताको कसीमा राज्यले उचित कानुन बनाउनुपर्ने र कानुनको सहाराबाट शासन सञ्चालन गर्नु पर्ने आधुनिक लोकतान्त्रिक राज्य व्यवस्थाको आधारभूत मान्यता हो। कानुनी शासनको प्रयोग र पालनाबाट राज्यको काम कारवाहीले वैधता प्राप्त गर्ने हो। राज्यको काम कारवाही कानुनसम्मत किसिमले भएका छन् छैनन् ? भन्ने कुराको जाँच गर्ने र कानुन प्रतिकूल भएको देखिएमा कानुनसम्मत बनाउन लगाउने प्रयोजनका निम्ति राज्यले स्वतन्त्र र सक्षम न्यायपालिकाको विशेष व्यवस्था गरेको हुन्छ। विधायिकाको कानुनी विवेक परीषण गर्न बनेको अदालतले त्यस्तो कानुनको परीषण गर्दा त्यसमा अन्तर्निहित दर्शन(*Philosophy*), चिन्तन र कानुनी मान्यता (*Jurisprudence*) को कसीमा जाँच गर्नु पर्ने हुन्छ। कानुन स्पष्ट नभएको अवस्थामा निर्णय गर्नु पर्दा त्यस्तो निर्णयकर्ताले व्यक्तिगत स्वार्थमा नभै न्याय र नैतिक आचरण (*Ethics*) को कसीमा सार्वजनिक हित र आम जनताको भलाई र कल्याणमा केन्द्रित भई कार्य गर्नुपर्ने न्यायशास्त्रको आधारभूत मान्यता हो। कानुनमा रहेको कुनै पनि व्यवस्था वा प्रावधानको व्याख्या गर्दा त्यस्तो कानुनको अन्तर्निहित दर्शन, विचारधारा र मान्यतामा रही गर्नु पर्ने हुन्छ। यस**

**सिद्धान्तलाई मनन् गरी निजामती सेवा ऐन, २०४९ ले निर्दिष्ट गरेको त्यस सम्बन्धी दर्शन र सिद्धान्तको आधारमा प्रस्तुत मुद्दामा निहित प्रश्नको व्याख्या र निरुपण गर्नुपर्ने हुन्छ ।**

राज्यको नीति, नियम र कानुन लागू गर्ने राज्यको स्थायी संयन्त्र सार्वजनिक प्रशासन हो । सार्वजनिक प्रशासनका आधारभूत मूल्य र मान्यताको परिधिभित्र रही राज्यको नीति नियम कानुन बनाउन सहयोग गर्नु र त्यस्तो नीति नियम र कानुनको प्रभावकारी कार्यान्वयन गर्नु कर्मचारीको कर्तव्य हो । सार्वजनिक प्रशासनमा कार्यरत कर्मचारी जति बढी अनुशासित र मर्यादित हुन्छन् त्यति नै सेवाप्रतिको नागरिक विश्वास बढेर जाने हो । कर्मचारी विधिशास्त्र (*Service Jurisprudence*) का आधारभूत मान्यतालाई यस अदालतबाट *विष्णुप्रसाद तिवारी विरुद्ध सिंचाई विभाग समेत* (पु.वे.नं. ३/२०६२), *एकप्रसाद सिंखडा विरुद्ध नेपाल सरकार, कृषि विकास मन्त्रालय* (पु.वे.नं. ५६/२०६३), *राजिवप्रसाद गुप्ता रौनियार विरुद्ध नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालयको मुद्दा* (पु.वे.नं. ७/२०६७), *टिकाराम सापकोटा* विरूद्ध *जिल्ला वन कार्यालय* (पु.बे.नं ३९, २०६८ ) समेतका मुद्दाहरूमा व्याख्या र विवेचना गरी त्यस सम्बन्धी प्रश्नहरुमा निर्णय भएको छ *(प्रशासकीय अदालत वुलेटिन, अङ्क १७, २०७१, फैसला विशेषाङ्क)*। यस सन्दर्भमा प्रस्तुत मुद्दामा निहित प्रश्न जस्तै विषय *राजिवप्रसाद गुप्ता रौनियार विरुद्ध नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालयको* मुद्दा (पु.वे.नं. ७/२०६७, निर्णय मिति २०६८।१२।२३) मा रहेकोमा यस अदालतबाट देहाय बमोजिमको व्याख्या र विवेचना भई निर्णय भएको र त्यसउपर सर्वोच्च अदालतमा परेको रीट निवेदनमा यस अदालतको फैसला सदर भई निर्णय भएको देखिँदा त्यस सम्बन्धी विषय यहाँ उल्लेख गर्नु सान्दर्भिक हुने देखिन्छ ।

लोकतान्त्रिक राज्य व्यवस्थामा सार्वजनिक प्रशासनप्रति जनताको विश्वास अभिवृद्धिका निम्ति कर्मचारीको काम कारवाही निजले स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी र जनउत्तरदायी किसिमले निर्वाह गरी राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान पहुँच उपलब्ध गराउने गरी कार्यसम्पादनद्वारा सुशासनको अनुभूति दिनुपर्ने जिम्मेवारी रहन्छ । निजामती कर्मचारी अनुशासित र मर्यादित हुनुपर्ने कुरामा विवाद छैन । अनुशासित र जिम्मेवार कर्मचारी सुशासनका निम्ति आवश्यक पर्ने लोकतान्त्रिक राज्य व्यवस्थाको आधारभूत शर्त हो । अनुशासित, इमान्दार र सक्षम कर्मचारी प्रशासनबाट नै एकातर्फ राज्यको ऐन कानुन र नीतिको प्रभावकारी कार्यान्वयन हुन सक्छ भने अर्कोतर्फ सेवाग्राहीले समयमा नै सेवा पाउन सक्दछन् । कुनैपनि कर्मचारीले सार्वजनिक सेवा वा निजी जीवनमा समेत निश्चित कर्तव्य र दायित्व जिम्मेवारीपूर्वक वहन गरी समाजमा मर्यादित, अनुशासित र नैतिकवान व्यक्तिको रूपमा प्रस्तुत हुनुपर्दछ भन्ने अपेक्षा राज्यले राखेको हुन्छ । एकातर्फ स्वेच्छाचारी किसिमले कर्मचारी उपर कारवाही गर्न नसकियोस् भनी मनोमानी कारवाही विरूद्ध कर्मचारीको संरक्षण कानुनद्वारा गरिएको हुन्छ भने अर्कोतर्फ कानुन बमोजिम तोकिएको कर्तव्य र दायित्व पालना नगर्ने वा कानुन प्रतिकूल हुनेगरी कार्य गर्ने कर्मचारीलाई सजायको भागिदार बनाइएमा नै कर्मचारी प्रशासनमा अनुशासन कायम भई स्वच्छ प्रशासनको विकास हुन्छ भन्ने मान्यता समेत कर्मचारी विधिशास्त्र*(Service Jurisprudence)* को रहेको देखिन्छ । लोकतान्त्रिक राज्य व्यवस्थामा सरकार, राज्यशक्ति प्रयोग गर्ने पदाधिकारी, कर्मचारी सबैले संविधानको सर्वोच्चता र विधिको शासनबाट निर्देशित भई कानुनद्वारा तोकिएको काम कर्तव्य जिम्मेवारीपूर्ण किसिमले सम्पादन गर्नुपर्ने हुन्छ । राज्यको ऐन कानुन नीति नियम लागू गर्ने कर्तव्य भएका कर्मचारीले आचरणगत नियमहरू पालन नगरी इच्छा लागे कार्यालयमा उपस्थित हुने, इच्छा नलागे बिदा समेत नलिई आफू खुशी बस्ने किसिमको आचरण गर्न पुगे भने सेवाग्राहीको सेवा पाउने अधिकार कुण्ठित हुन गई सरकारी सेवाप्रति नै विश्वास टुट्न सक्छ । कानुनद्वारा तोकिएको कार्य इमान्दार, जिम्मेवार, समयको पालन गरी अनुशासित भई कार्य सम्पादन गर्नुपर्ने कानुनी दायित्व हो भन्ने कुरा प्रत्येक कर्मचारीले मनन् गर्नुपर्ने विषय हो । सेवाग्राहीप्रति जिम्मेवार हुनुपर्ने कर्मचारी लामो समयसम्म बिदा स्वीकृत नगराई कार्यालयमा हाजिर नभएको अवस्थामा त्यस्तो कर्मचारी उपर विभागीय कारवाही गर्ने व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) ले गरेको छ । यस कानुनी व्यवस्थालाई अझ कडाईका

साथ लागू गर्न बिदा स्वीकृत नगराई लगातार नब्बेदिन सम्म आफ्नो कार्यालयमा अनुपस्थित रहने कर्मचारीलाई सेवाबाट हटाउनु पर्ने, नहटाई हाजिर गराएमा त्यस्तो हाजिर गराउने पदाधिकारीलाई नै विभागीय कारवाही गर्नुपर्ने भन्ने सिद्धान्तलाई विधायिकाले निजामती सेवा ऐन, २०४९ को दफा ६१**क.** मा सो ऐनको दोस्रो संशोधन, २०६४ समेतबाट थप गरी नब्बे दिनभन्दा बढी लगातार बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने निजामती कर्मचारीलाई अधिकारप्राप्त अधिकारीले सेवाबाट हटाउनु पर्ने व्यवस्था गरेको देखिन्छ। यसरी निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बेदिन सम्म आफनो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सो ऐनको दफा ६१**क.** को उपदफा (३) बमोजिम सेवाबाट हटाउने उद्देश्य नै विधायिकाको रहेको देखिन्छ।

यी पुनरावेदकले बिदाको निवेदन दिएकोमा अस्वीकृत भएको जानकारी नभएकोले निजामती सेवा नियमावली, २०५० को नियम ६४ को व्यवस्था आकर्षित हुने भनी जिकिर लिएको सन्दर्भमा हेर्दा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई नब्बे दिनसम्म कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सेवाबाट हटाउने व्यवस्था र सोही ऐनको दफा ६१**क.** को उपदफा (३) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफनो कार्यालयमा अनुपस्थित रहने त्यस्तो निजामती कर्मचारीलाई हाजिर गराउन नसकिने भन्ने व्यवस्था रहेको सन्दर्भमा सो ऐनको दफा ७५ ले दिएको अधिकार प्रयोग गरी जारी भएको निजामती सेवा नियमावली, २०५० को नियम ६४ को उपनियम (१क) बमोजिम साठी दिनभित्र सो उपनियम (१ख) बमोजिम बिदा स्वीकृत वा अस्वीकृत भएको जानकारी नदिएमा सो बिदा स्वीकृत भएको मानिने भन्ने व्यवस्था ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (छ) र सोही ऐनको दफा ६१**क.** को उपदफा (३) को व्यवस्था अनुकूल छ, छैन ? भन्ने प्रश्नतर्फ विचार गर्दा कानुनको श्रृङ्खलागत तहको मान्यताप्रति विधिशास्त्रिय अवधारणाको अध्ययन गर्नु पर्ने हुन्छ। आधुनिक राज्यमा राज्यको संरचना र कार्यप्रणालीलाई व्यवस्थित र नियमित गर्ने तथा नागरिकको हक अधिकारलाई संरक्षित गर्ने मूल कानुनको रूपमा संविधान बन्ने र संविधानको उद्देश्य र व्यवस्थालाई सार्थक तुल्याउन संविधानको अधिनमा रही व्यवस्थपिकाले ऐन जारी गर्ने र त्यस्तो ऐनको उद्देश्यलाई साकार बनाउन ऐनको अधिनमा रही कार्यपालिकाले नियम जारी गर्ने कानुन निर्माणको आधारभूत संवैधानिक सर्वोच्चताको मान्यताहरू रहेको देखिन्छ। संविधानको उद्देश्य र भावना प्रतिकूल हुने गरी ऐन नियम बन्न नसक्ने, त्यसैगरी ऐनको प्रतिकूल हुने गरी नियम बनाउन नहुने, बनेमा त्यस्तो व्यवस्था मान्य नभइ न्यायिक पुनरावलोकनद्वारा बदर हुने भन्ने कानुनको श्रृङ्खलागत तहको आधारभूत मान्यता रहेको देखिन्छ। निजामती सेवा ऐन, २०४९ मा दफा ६१ को उपदफा (१) को खण्ड (छ) को बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफनो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सेवाबाट हटाउने ऐनको उद्देश्य रहेको र सो उद्देश्यलाई साकार तुल्याउने गरी सो ऐनको दफा ६१**क.** थप गरी उपदफा (३) को व्यवस्था गरेको देखिंदा ऐनको यस व्यवस्थालाई निष्कृय, निष्प्रभावी र निरर्थक बनाउने किसिमले व्यवस्थापिकाद्वारा प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी नेपाल सरकारले नियम बनाउन सक्ने अवस्था देखिन्न। जहाँसम्म निजामती सेवा नियमावली, २०५० को नियम ६४ को नियम (१)मा बिदाको निकासाको निमित्त निजामती कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि र कारण खोली अनुसूची-१३ को ढाँचामा आफनो कार्यालयमार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नुपर्नेछ र बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो कर्मचारीलाई दिनु पर्नेछ भन्ने व्यवस्था गरी सोही उपनियमको (१क) मा उपनियम (१) बमोजिम माग गरिएको बिदामध्ये घर बिदा र विरामी बिदाको हकमा सात दिन भित्र र असाधारण बिदा र अध्ययन बिदाको हकमा साठी दिनभित्र स्वीकृत वा अस्वीकृत गर्नुपर्ने व्यवस्था गरेको र ऐ. उपनियमको (१ख) मा उपनियम (१) बमोजिमको अवधिभित्र बिदा स्वीकृत वा अस्वीकृतको निर्णय भएको जानकारी नदिएमा सो बिदा स्वीकृत भएको मानिनेछ भनी गरेको व्यवस्था ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (छ) र सोही ऐनको ६१**क.** को उपदफा (३) को प्रतिकूलको व्यवस्था हो, होइन ? भन्ने सम्बन्धमा हेर्दा नियमको व्यवस्थाले

सारवान ऐनको व्यवस्थालाई निष्कृय बनाउन नसक्ने हुँदा ऐनको सो व्यवस्थालाई निष्प्रभावी बनाउने गरी नियम ६४ को उपनियम (१क) र (१ख) को अर्थ गर्न मिल्ने देखिन्न । नियम ६४ को सो व्यवस्था निजामती कर्मचारीले बिदा माग गरेको अवस्थामा अधिकारप्राप्त अधिकारीले त्यस्तो माग गरेको बिदा स्वीकृत वा अस्वीकृत गर्ने निकासाको कार्यविधि सम्मको व्यवस्था गरेको सम्झनुपर्ने हुन्छ। नियम ६४ को उपनियम (१) को व्यवस्था बमोजिम बिदाको निकासाको निम्ति निजामती कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि र कारण स्पष्ट खोली अनुसूची-१३ को ढाँचामा आफनो कार्यालयमार्फत आधार कारण र औचित्य सिद्ध गर्ने किसिमबाट त्यस्तो बिदा माग गरेको हुनुपर्छ। निजामती सेवा नियमावली, २०५० को नियम ७१ बमोजिम बिदा निजामती कर्मचारीको अधिकार नभई सहुलियत मात्र भएको हुँदा बिदाको निवेदन दिंदैमा त्यस्तो बिदा मागको निवेदन रितपूर्वक नभएको अवस्थामा र बिदा मागको औचित्य सिद्ध गर्न नसकेको अवस्थामा स्वत: बिदा स्वीकृत भइहाल्ने भन्ने ऐन कानुनको मनसाय देखिन्न। कुनैपनि निजामती कर्मचारीले बिदा माग गर्दा बिदा मागको औचित्य सिद्ध गर्ने किसिमका आधार प्रमाण खोली सम्बन्धित कार्यालयमार्फत अधिकारप्राप्त अधिकारी समक्ष दिएको निवेदन सम्बन्धित अधिकारप्राप्त अधिकारीले समयमै टुङ्गो लगाउनु पर्ने उद्देश्यले सो नियम ६४ को उपनियम (१क) र उपनियम (१ख) को व्यवस्था गरेको हो, न कि ऐनको दफा ६१ को उपदफा (१) को खण्ड(छ) र सोही ऐनको दफा ६१**क.** को उपदफा (३) लाई निष्कृय बनाउने गरी गरेको व्यवस्था हो । यसैले नियम ६४ को उपनियम (१) बमोजिम निजामती कर्मचारीले सो नियम बमोजिम निर्दिष्ट शर्तहरू पूरा गरी आफनो कार्यालयमार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गरेको अवस्थामा सो उपनियम (१क) र (१ख) को व्यवस्था कार्यविधिसम्मको लागि आकर्षित हुने हो । नियम ६४ को उपनियम (१) बमोजिमको शर्तहरू पूरा नगरी दिएको निवेदनका हकमा ऐनमा जुनसुकै कुरा लेखिएको भए पनि उपनियम (१ख) स्वतः आकर्षित भई मान्य हुन्छ भन्ने जिकिर मुनासिब मान्न सकिन्न ।

उक्त मुद्दामा माथि उल्लेखित आधारमा यस अदालतबाट निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ), दफा ६१**क.** को उपदफा (३) र निजामती सेवा नियमावली, २०५० को नियम ६४ को व्यवस्थाका सम्बन्धमा व्याख्या गरिएको र यस अदालतबाट गरिएको व्याख्याका सम्बन्धमा चित्त नबुझाई सो मुद्दाका पुनरावेदकले सर्वोच्च अदालतमा दायर गरेका रीट निवेदनमा सर्वोच्च अदालतले मिति २०७०।५।१८।३ मा (सम्बत् २०६९ सालको २०६८-WO-११०१) फैसला गर्दा "प्रशासकीय अदालतले मिति २०६८।१२।२३ मा गरेको फैसलामा कुनै कानुनी त्रुटी विधमान रहेको नदेखिएकाले निवेदकको माग बमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्न मिल्ने देखिएन, रीट निवेदन खारेज हुने ठहर्छ" भन्ने निर्णय गरी प्रशासकीय अदालतले निर्णयमा लिएको आधारमा नै निष्कर्षमा पुगेको देखिन्छ। सर्वोच्च अदालतले त्यस मुद्दामा -"निजामती सेवाको रा.प. द्वितीय श्रेणीको अधिकृत जस्तो जिम्मेवार व्यक्तिले आफ्नो बिदाको निवेदन सम्बन्धमा के कसो भएको छ ? भन्ने कुरा सम्पर्कमा रहनुपर्ने कर्तव्य पनि हुन आउँछ। आफूले माग गरेको बिदालाई सुविधाको रुपमा नबुझी अधिकारकै रुपमा आफू अनुकूल व्याख्या गरी बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहेको भन्ने देखिएको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(छ) को विपरित कारवाही र सजाय भएको भन्न नमिल्ने" भनी प्रशासकीय अदालतको निर्णय कानुनसम्मत नै रहेको भनी सो मुद्दामा निर्णय भएको देखिन्छ। यस अवस्थामा यी पुनरावेदकले नियम ६४ बमोजिम लिएको जिकिर मुनासिव देखिएन ।

यस पृष्ठभूमिमा प्रस्तुत मुद्दाको निर्णयतर्फ विचार गर्दा यी पुनरावेदक कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय अन्तर्गतको उपसचिव पदमा कार्यरत रहेको अवस्थामा कम्पनी रजिष्ट्रारको कार्यालयको कानुन अधिकृत पदबाट काज खटाइएको कार्यालय न्याय सेवा तालीम केन्द्रमा हाजिर नभई बिदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी कार्यालयमा अनुपस्थित भएको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को उपदफा (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी कानुन, न्याय,

संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका सचिवबाट मिति २०७१।९।१ मा विभागीय सजायको निर्णय गरेको देखियो । यी पुनरावेदकलाई कम्पनी रजिष्ट्रारको कार्यालयको कानुन अधिकृत (राजपत्राङ्कित द्वितीय श्रेणी) पदबाट न्याय सेवा तालीम केन्द्रको उपतालिम प्रमुख पदमा नेपाल सरकारको मिति २०६९।४।२९ को निर्णयानुसार काज खटाएकोमा यी पुनरावेदकले २०६९ भदौ देखि कार्तिकसम्म ३ महिनाको बिदा स्वीकृत गरी पाउन मिति २०६९।७।३ मा कानुन मन्त्रालयका सचिवलाई सम्बोधन गरी फयाक्समार्फत निवेदन दिएकोमा कानुन मन्त्रालयबाट आफू खटिएको कार्यालयमा बिदा माग गर्नु भन्ने व्यहोराको मिति २०६९।७।१५ मा यी पुनरावेदकलाई पत्र पठाएको देखियो । यस अवधिमा यी पुनरावेदक कतै पनि हाजिर भएको नदेखिएकोले मिति २०६९।५।१७ देखि बिदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी कार्यालयमा अनुपस्थित भएको भन्ने कुरामा विवाद देखिएन । यी पुनरावेदकले २०६९ भाद्र देखि ऐ. कार्तिकसम्म ३ महिनाको बिदा स्वीकृत गरी पाउँ भन्ने निवेदन मिति २०६९।७।३ मा कानुन मन्त्रालयमा फ्याक्समार्फत पठाएको भएपनि उक्त बिदा स्वीकृत भएको अवस्था समेत देखिदैन । निजामती सेवा ऐन, २०४९ को दफा ४१ ले निजामती कर्मचारीले निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनुपर्ने र सकेसम्म पहिले नै बिदा स्वीकृत नगराई कामबाट अनुपस्थित हुन नहुने व्यवस्था गरेको छ । निजले बिदा मागको औचित्य सिद्ध गर्न सकेको पनि देखिन्न । यसरी यी पुनरावेदकले ऐनले गरेको उक्त व्यवस्थालाई पालना गरी बिदा स्वीकृत गराई बसेको भन्ने कुरा देखिएन । एक जिम्मेवार अधिकृत कर्मचारीले आफूले दिएको बिदा स्वीकृत भए नभएको सम्बन्धमा आफै सजग हुनुपर्नेमा निजले सोको बेवास्ता गरी उदासिनता देखाएको अवस्था छ ।

निजामती सेवा ऐन, २०४९ को दफा ६६ र ६७ अनुसारको स्पष्टीकरण यी पुनरावेदकसँग माग गरी पुनरावेदकले दिएको स्पष्टीकरण मिसिल संलग्न रहेभएकै देखिँदा सफाइको मौका नपाएको र निर्णयकर्ता पूर्वाग्रही भएको भन्ने कुरा तथ्यगत रुपमा प्रमाणित भएको अवस्था पनि देखिएन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ बमोजिम निजामती सेवा ऐन, २०४९ को दफा ६८ अनुसार न्याय सेवा आयोगको परामर्श लिई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम ९० दिनभन्दा बढी समय बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहेको कसूरमा ऐ.ऐनको दफा ५९ को खण्ड (ख)को देहाय (१) अनुसार यी पुनरावेदकलाई सेवाबाट हटाउने गरी अधिकारप्राप्त अधिकारीबाट आधार कारण उल्लेख गरी विभागीय सजायको निर्णय गरेको देखिदा दूराशय राखी ऐनको मनसाय विपरित निर्णय गरेको भन्ने पुनरावेदकको जिकिर मनासिव देखिएन । अतः निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) र सोही ऐनको दफा ६१**क.** को उपदफा (३) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेकोमा सेवाबाट हटाउन सकिने कानुनी व्यवस्था रहेकोले कानुनको रीत पुर्‍याई प्रतिवादको मौका दिई स्पष्टीकरण लिई कानुन, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका सचिवबाट मिति २०७१।९।१ मा यी पुनरावेदकलाई सेवाबाट हटाउने गरी गरेको विभागीय सजायको निर्णय कानुनसम्मत नै देखिँदा सदर हुने ठहर्छ ।

मुलुक संक्रमणकालको व्यवस्थापन गर्दै लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात गर्ने नयाँ संविधान निर्माणको चरणमा रहेको अवस्थामा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, उत्तरदायी बनाउँदै राज्यबाट प्रदान गरिने सेवा र सुविधामा जनताको समान र सहज पहुँचको सुनिश्चितता गरी सुशासनको प्रत्याभूतिका साथै सार्वजनिक प्रशासनलाई मर्यादित, जिम्मेवार र प्रभावकारी सेवाको रुपमा स्थापित गर्नका निम्ति देहायको व्यवस्था हुन देहाय बमोजिमको निकाय र पदाधिकारीको ध्यानाकर्षणका लागि यो फैसलाको प्रमाणित प्रतिलिपि पठाउनु -

१. उच्चस्तरीय प्रशासन सुधार समिति, २०७० को प्रतिवेदन समेतले प्रस्तावित गरे अनुरुप मुलुकमा सुशासनको प्रत्याभूतिका निम्ति समकालीन परिवेशमा विकसित भएका सार्वजनिक प्रशासनका आधारभूत मूल्य मान्यताहरु खासगरी सेवा सञ्चालन सम्बन्धी मान्यताहरुलाई

संविधानमा सम्बोधन गर्नु उपयुक्त हुने देखिएकाले त्यस सम्बन्धी आवश्यक व्यवस्थाका निम्ति नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय र संविधानसभा सचिवालयमा लेखी पठाउनु,

२. निजामती सेवा ऐन, २०४९ को दफा ६० र ६०**क** र ६१ मा गरिएको कसूरको प्रकृति र सजायको मात्रा मिलेको नदेखिँदा निजामती सेवा ऐन, २०४९ को संशोधन गर्दा ती व्यवस्थाहरुमा पुनरावलोकन गरी कसूरको मात्रानुसार सजायको व्यवस्था मिलाउनका निम्ति सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउनु,

३. विधायिकाले बनाएको कानुनलाई प्रभावकारी रुपमा लागू गर्न सकेमा नै कानुनी शासनप्रतिको विश्वास बढ्ने भएकाले निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई नब्बे दिनसम्म कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सेवाबाट हटाउने व्यवस्था गरेको सन्दर्भमा आ-आफ्नो मन्त्रालय, विभाग, कार्यालयमा कार्यरत वा पदाधिकार रहेका कर्मचारीहरुको अद्यावधिक अभिलेख राखी बिदा स्वीकृत नगराई नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित भएका कर्मचारीका सम्बन्धमा विभागीय कारवाही तत्कालै प्रारम्भ गरी बढीमा ६ महिनाभित्र त्यस्तो कारवाही टुङ्याउने व्यवस्थाका निम्ति आवश्यक व्यवस्था गर्न नेपाल सरकारका मुख्य सचिवको ध्यानाकर्षणका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउनू ।

यो फैसलाको जानकारी न्यायसेवा आयोग, पुनरावेदक, सम्बन्धित मन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिई मिसिल नियमानुसार बुझाई दिनू ।

....................

(काशीराज दाहाल)

अध्यक्ष

उक्त रायमा सहमत छौं ।

.......................... ........................

(राजन खनाल) (कुमार योञ्जन तामाङ्ग)

सदस्य सदस्य

इति सम्वत् २०७२ साल आषाढ २४ गते रोज ५ शुभम् ..............................

२. **दुर्गादास महर्जन विरुद्ध भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत**

# प्रशासकीय अदालत

## इजलास

## श्री काशीराज दाहाल...............अध्यक्ष

## श्री कुमार योञ्जन तामाङ्ग ....... सदस्य

## फैसला

सम्वत् २०७० सालको पु.वे.नं.......... १३

**मुद्दा :-विभागीय सजाय ।**

| | | | |
|---|---|---|---|
| जिल्ला काठमाडौं, कीर्तिपुर नगरपालिका वडा नं. १६ घर भई नापी कार्यालय डिल्लीबजारमा नापी अधिकृत पदमा कार्यरत दुर्गादास महर्जन ............................ | १ | पुनरावेदक पक्ष |

**विरूद्ध**

| | | |
|---|---|---|
| श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार ......................................... | १ | प्रत्यर्थी विपक्षी |
| श्री नापी विभाग, मिनभवन ..................................................................... | १ | |
| श्री महानिर्देशक नागेन्द्र झा, नापी विभाग मिनभवन, काठमाडौं ......................... | १ | |

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र निर्णय यसप्रकार छ :-

काठमाडौं महानगरपालिकासँग तमु बौद्ध सेवा समितिले संझौता गरी संरक्षणको लागि लिएको साविक नगर २९(क) कि.नं. १८६ को क्षेत्रफल १-१०-०-० हाल काठमाडौं महानगरपालिका वडा नं. ३२ को सिट नं. १०२-११४६-०६ कि.नं. ७२ को जग्गा शर्मिष्ठा श्रेष्ठको नाममा हा.सा. निर्णय गर्नका लागि कित्ताकाट गरी नक्सा चेक गर्ने कार्यमा तपाईको संलग्नता देखिएको हुँदा यो पत्र प्राप्त भएको मितिले ७ दिनभित्र निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम स्पष्टीकरण पेश गर्नु हुन मिति २०७०।०२।०६ को निर्णयानुसार अनुरोध छ भन्ने व्यहोराको मिति २०७०।२।१० मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले निज पुनरावेदक दुर्गादास महर्जनलाई लेखेको स्पष्टीकरण पेश गर्ने बारेको पत्र ।

हाल साविक प्रक्रियामा मोठ स्रेस्ता मालपोत कार्यालयमा हुन्छ । जग्गाको प्रकृति दर्ता श्रेस्ता बारे जानकार मालपोत कार्यालय नै भई जग्गा दर्ता हालसाविक समेत मालपोत कार्यालयले नै गर्ने हो । उक्त कार्यमा नापी कार्यालयबाट सहयोग मात्र प्रदान गर्ने हो । पहिले नै विवरण पठाइएकोमा सोलाई जाँचबुझ गरी मालपोत कार्यालयले मिति २०६९।६।२४ च.नं. ३६०४ बाट सो विवादित कि.नं. ७२ कि.का. गरी पठाइदिनु भनी निर्देशन गर्दा नापी कार्यालय डिल्लिबजारका फाँटवाला अमिनले कि.का. गरेकोमा मैले चेक सही सम्म गरेको हुँ । अतः विवादित विषयमा पदीय कर्तव्यको पालनाबाहेक कुनै निजि स्वार्थ र विवादित जग्गा दर्ता प्रक्रियामा मेरो कुनै

संलग्नता नरहेको हुँदा मलाई कुनै विभागीय कारवाही हुनु पर्ने होइन भनी मिति २०७०।२।२१ मा यी पुनरावेदक दुर्गादास महर्जनले भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पेश गरेको स्पष्टीकरण ।

काठमाडौं जिल्ला साविक नगर २९(क) कि.नं. १८६ को क्षेत्रफल १-१०-०-० हाल काठमाडौं महानगरपालिका वडा नं. ३२ को सिट नं. १०२-११४६-०६ कि.नं. ७२ को जग्गा संरक्षणका लागि काठमाडौं महानगरपालिकाले संझौता गरी तमु वौद्ध सेवा समिति नेपाललाई दिएकोमा मालपोत कार्यालय डिल्लीबजार र नापी कार्यालय डिल्लीबजारका कर्मचारीहरुको मिलोमतोमा सर्मिष्टा श्रेष्ठको नाममा हालसाविक निर्णय गरी श्रेस्तापूर्जा तयार गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०७०।२।६ को निर्णयानुसार स्पष्टीकरण माग गरिएकोमा तपाईले पेश गरेको जवाफमा उल्लिखित कि.नं. ७२ को जग्गा मध्येबाट आफूले कित्ताकाटको चेकसम्म गरेको तर सो कार्यमा संलग्नता नरहेको भनी दिएको जवाफ एवम् हालसाविक कार्य मालपोत कार्यालयलाई जिम्मेवार देखाई आफू उत्तरदायित्वबाट पन्छिन खोजेको देखिँदा स्पष्टीकरण सन्तोषजनक नरहेकोले निजामती सेवा ऐन, २०४९को दफा ६० (घ) को कसूरमा सोही ऐनको दफा ५९(क)(२) बमोजिम तपाईलाई विभागीय सजाय किन नगर्ने ? पत्र प्राप्त भएको मितिले ३ (तीन) दिनभित्र पुनः स्पष्टीकरण पेश गर्न हुन मिति २०७०।२।२६ को निर्णयानुसार अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०७०।२।२८ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले यी पुनरावेदक दुर्गादास महर्जनलाई पुनः स्पष्टीकरण पेश गर्ने बारे लेखेको पत्र ।

विवादित जग्गा मालपोत कार्यालयको निर्देशन बमोजिम कित्ताकाट गर्ने निर्णय गरी पठाइएको र नापी कार्यालयबाट समेत सोही अनुसार कित्ताकाट गरी पठाइएकोमा उक्त हाल साविक कार्य सम्बन्धमा केही विवाद देखिएपछि उक्त हाल साविक दर्ता बदर गर्ने निर्णय गरी कि.नं. ७२ लाई यथास्थितिमा राख्ने भन्ने व्यहोराको मालपोत कार्यालयको च.नं. ९०३४ मिति २०६९।१०।१९ को पत्रानुसार कि.नं. ७२ लाई यथास्थितिमा राखिएको हो । कित्ताकाट गर्ने निर्णय पुनः मालपोत कार्यालयकै निर्देशन बमोजिम बदर भई सो कित्ता साविकै कि.नं. ७२ कायम गर्नु भनी पत्र पठाई यथावतै रही सकेको अवस्थामा आफू कुनै किसिमको निजी स्वार्थले प्रेरित नभई केवल कर्तव्य पालना र पदीय दायित्व मात्र निर्वाह गरेको हुँदा विभागीय कारवाहीको झंझटबाट मुक्ति दिलाई पाउँ भन्ने समेत व्यहोराको मिति २०७०।३।३ मा यी पुनरावेदक दुर्गादास महर्जनले भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पुनः पेश गरेको स्पष्टीकरण ।

नापी कार्यालय डिल्लीबजारका नापी अधिकृत दुर्गादास महर्जनलाई निजामती सेवा ऐन, २०४९ को दफा ६०(घ) को कसूरमा सोही ऐनको दफा ५९(क)(२) बमोजिम २ (दुई) तलववृद्धि रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श माग भई आएकोमा निजामती सेवा नियमावली, २०५० को अनुसूची १७ बमोजिमको ढाँचामा २ महिनाभित्र विभागीय सजाय गरी सोको प्रतिलिपि सहित जानकारी पठाउन लोकसेवा आयोग (बढुवा उजुरी तथा विभागीय सजाय परामर्श शाखा) को प.सं. व.उ.स.प.१० (१) १५१ र १५२/२०७०।०७१ च.नं. २६३ मिति २०७०।११।१ को पत्रबाट परामर्श प्राप्त भएको हुँदा सो अनुसार विभागीय कारवाही गरी मन्त्रालय र लोकसेवा आयोगलाई समेत जानकारी पठाउन तहाँबाट प्राप्त सक्कल फाइल यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ भन्ने समेत व्यहोराको भूमिसुधार तथा व्यवस्था मन्त्रालयले मिति २०७०।११।६ मा परामर्शसहित फाइल फिर्ता पठाएको पत्र ।

नापी कार्यालय, डिल्लीबजारका नापी अधिकृत श्री दुर्गादास महर्जनले काठमाडौं महानगरपालिकासँग तमु वौद्ध सेवा समितिले सम्झौता गरी संरक्षणको लागि लिएको साविक नगर २९(क) कि.नं. १८६ को क्षेत्रफल १-१०-०-० हाल काठमाडौं महानगरपालिका वडा नं. ३२ को सिट नं. १०२-११४६-०-६ कि.नं. ७२ को जग्गा सर्मिष्टा श्रेष्ठको नाममा हाल साविक निर्णय गरी नक्सा श्रेस्ता पूर्जा तयार गरेको सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को दफा ६०(घ) को कसूरमा सोही ऐनको दफा ५९ (क)२ बमोजिम विभागीय सजाय गर्ने प्रस्ताव गरी लोकसेवा आयोगमा परामर्शको लागि लेखी पठाएकोमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको प.सं.

०७०/०७१।१(१)९ च.नं. १०८६ मिति २०७०।११।६ को पत्रबाट सहमति प्राप्त हुन आएको हुँदा निज नापी अधिकृतलाई निजामती सेवा ऐन, २०४९ को दफा ६०(घ) को प्रचलित कानुनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेको कसूरमा सोही ऐनको दफा ५९ (क) २ बमेजिम २ (दुई) तलव वृद्धि रोक्का गर्ने विभागीय सजायको निर्णय गरिदिएको छ। उक्त निर्णयमा चित्त नबुझेमा निजामती सेवा ऐन नियम बमोजिम तोकिएको अवधिमा पुनरावेदन गर्नु होला भन्ने समेत व्यहोराको नापी विभागका महानिर्देशक श्री नागेन्द्र झाले मिति २०७०।११।८ मा यी पुनरावेदक दुर्गादास महर्जनलाई गरेको विभागीय सजायको निर्णय ।

काठमाडौं महानगरपालिकासँग तमु बौद्ध सेवा समितिले सम्झौता गरी संरक्षणको लागि लिइएको साविक नगर २९(क) कि.नं. १८६ को क्षेत्रफल १-१०-०-० हाल काठमाडौं महानगरपालिका वडा नं. ३२ सिट नं. १०२-११४६-०-६ कि.नं. ७२ को जग्गा शर्मिष्ठा श्रेष्ठको नाममा हाल साविक निर्णय गरी नक्सा श्रेस्ता पूर्जा तयार गर्ने कार्य गरेकोले निजामती सेवा ऐन, २०४९ को दफा ६०(घ) बमोजिम तपाईलाई पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेको कसूरमा सोही ऐनको दफा ५९ (क) २ बमोजिम २ (दुई) तलव वृद्धि रोक्का गरिएको व्यहोरा यस विभागको मिति २०७०।११।८ को निर्णयानुसार जानकारी गराइन्छ, उक्त निर्णयमा चित्त नबुझेमा निजामती सेवा ऐन नियम बमोजिम तोकिएको अवधिमा पुनरावेदन गर्नु होला भन्ने समेत व्यहोराको मिति २०७०।११।८ मा यी पुनरावेदक दुर्गादास महर्जनलाई नापी विभागले लेखेको विभागीय कारवाही सम्बन्धी पत्र ।

नापी कार्यालयबाट भएको कित्ताकाट र ओभरल्यापको कार्य, ठिक छैन हाल साविक मेल खाँदैन भने त्यसको कारण र आधार विभागीय कारवाही गर्दा दिनुपर्ने हुन्छ र साथै प्राविधिक कार्य ठिक नभएमा प्राविधिक टोलीले उचित प्राविधिक छानविनको आधारमा यो यति कारणले हाल साविक कित्ता काट मिलेन भनी प्राविधिक राय दिनु पर्नेमा विसुद्ध प्रशासनिक तवरले गैर कानुनी रुपमा गठित छानविन प्रतिवेदनले पेश गरेको प्रतिवेदनलाई आधार मानी गरिएको विभागीय कारवाही कानुनसम्मत  नभएको, जसले कारवाही गर्ने अधिकार राख्दछ उसैले कारवाहीको थालनी गर्ने सामान्य सिद्धान्त हो र यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ। विपक्षी विभागबाट उठेको टिप्पणीलाई नै आधार मानी पर्चा खडा गरी कुनै आधार विना सफाईको मौका समेत प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्त विपरित भएको मिति २०७०।११।८ को निर्णय लगायत सो सम्बन्धमा भएको सम्पूर्ण काम कारवाही बदर गरी पाऊँ भन्ने समेत व्यहोराको यी पुनरावेदकले मिति २०७०।१२।१३ मा यस अदालतसमक्ष दायर गरेको पुनरावेदन पत्र ।

सफाईको मौका नदिई गरेको निर्णय गैरकानुनी भएको, त्यसमा पनि बढुवाबाट रोक्ने वद्नियतबाट विभागीय सजाय गरेको भन्ने पुनरावेदकको जिकिर विचारणीय भएकोले अ.वं. २०२ नं. बमोजिम प्रत्यर्थीलाई महान्यायधिवक्ताको कार्यालय मार्फत सूचना दिई नियमानुसार पेश गर्नू भन्ने समेत व्यहोराको मिति २०७१।१।२५ मा यस अदालतद्वारा भएको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा विभागीय सजाय गर्ने अधिकार भएका महानिर्देशकबाट कुनै स्पष्टीकरण नै नसोधी मन्त्रालयले पत्र लेखेकै भरमा सजाय गर्नु कानुन सम्मत नभएको भन्ने समेत व्यहोराको पुनरावेदकको जिकिर तथा प्रत्यर्थी तर्फबाट उपस्थित रहनुभएकी विशेष सरकारी वकील कार्यालय, काठमाडौंकी सरकारी वकिल उपन्यायाधिवक्ता उर्मिला दाहालले विभाग भन्दा माथिल्लो निकाय मन्त्रालयबाट सफाई पेश गर्ने मौका दिएकाले विभागको महानिर्देशकबाट सफाईको मौका नदिएको भन्ने जिकिर मनासिव देखिन्न, अनियमित तरिकाले हाल साविक निर्णय गरी नक्सा तथा श्रेस्तापूर्जा तयार गर्ने कार्यमा नापी कार्यालय तथा मालपोत कार्यालय डिल्लीबजारका यी पुनरावेदकसमेतका कर्मचारीहरुले आफ्नो पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम नापी कार्यालय डिल्लिबजारका नापी अधिकृत यी पुनरावेदक दुर्गादास महर्जनलाई मिति २०७०।११।८ मा दुई तलव वृद्धि रोक्का गर्ने गरी गरेको विभागीय सजायको निर्णय

कानुनसम्मत नै हुँदा सदर हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनी सम्बन्धित मिसिल कागजात अध्ययन गरी हेर्दा यी पुनरावेदकलाई नापी विभागका महानिर्देशकबाट २०७०।११।८ मा दुई तलव वृद्धि रोक्का गर्ने गरी गरेको विभागीय सजायको निर्णय कानूनसम्मत छ, छैन ? र सो निर्णय बदर गर्नु पर्ने हो, होइन ? भन्ने प्रश्नमा नै यस अदालतबाट निर्णय दिनुपर्ने देखिन आयो । तमु वौद्ध सेवा समितिले काठमाडौं महानगरपालिकासँग संझौता गरी संरक्षणका लागि लिएको साविक नगर २९(क) कि.नं. १८६ को क्षे.फ. १-१०-०-० हाल का.म.न.पा. वडा नं. ३२ को सिट नं. १०२-११४६-०६ कि.नं. ७२ को जग्गा सर्मिष्टा श्रेष्ठको नाममा अनियमित तरिकाले हा.सा. निर्णय गरी नक्सा तथा श्रेस्तापूर्जा तयार गर्ने कार्यमा नापी कार्यालय डिल्लिबजारका तत्कालीन नापी अधिकृत दुर्गादास महर्जनलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (घ) बमोजिम पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम नापी विभागका महानिर्देशकबाट २०७०।११।८ मा दुई तलव वृद्धि रोक्का गर्ने गरी विभागीय सजायको निर्णय गरेको देखियो । यस सम्बन्धमा साविक नगर २९(क), कि.नं. १८६ को क्षेत्रफल १-१०-०-० हाल का.म.न.पा. ३२ को सीट नं. १०२-११४६-०६ कि.नं. ७२ मालपोत कार्यालय, डिल्लिबजारका कर्मचारीहरुको मिलेमतोमा तमु बौद्ध सेवा समिति, नेपालले का.म.न.पा.सँग संझौता गरी संरक्षणको लागि लिइएको सार्वजनिक जग्गा सर्मिष्टा श्रेष्ठको नाममा मिति २०६९।७।२२ को हा.सा. निर्णयले श्रेस्ता पूर्जा तयार गरी दिएको विषयमा राष्ट्रिय सतर्कता केन्द्रमा तत्सम्बन्धी परेको उजुरीको विषयमा स्थलगत निरीक्षण एवम् जाँचबुझ रायसहितको प्रतिवेदन दिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट मिति २०६९।९।२ को निर्णय बमोजिम छानविन समिति गठन भएकोमा सो छानविन समितिको २०६९।११।२० को प्रतिवेदनमा - "कि.नं. १३४७ को हा.सा. भएको हालको कि.नं. १६३ को जग्गामा तमु बौद्ध सेवा समिति, नेपालले कम्पाउण्ड लगाई त्यसमध्येको केही भागमा घर समेत निर्माण गरी भोग समेत गरेको देखिएको र नापी कार्यालय, डिल्लिबजारबाट प्राप्त हुन आएको ओभरल्याप नक्सा ट्रेसबाट साविक कि.नं. १३४७ को कित्ता जग्गा हाल कि.नं. १०३ समेतमा र साविक कि.नं. १८६ हालको कि.नं. ७२ बाट कि.का. भई कायम कि.नं. १६३ समेतमा भिड्ने देखिएबाट नापी कार्यालयले मालपोत कार्यालयमा पठाएको हाल साविक विवरणसँग मेल खाएको देखिएन । साथै, का.म.न.पा. वडा नं. ३२ को सिट नं. १०२-११४६-०६ कि.नं. ७२ को जग्गा नेपाल सरकारको नाममा दर्ता कायम भएको र सोही कित्तामध्येबाट कि.का. गरी साविक कि.नं. १३४७ को जग्गा हालसाविक भएको कार्य त्रुटिपूर्ण भएकोले सो बदर गरी यथावत् नेपाल सरकारको नाममा कायम गर्नु पर्ने र हा.सा. निर्णय गर्दा जग्गाको फिल्डबुक, नक्सा, मोठ, श्रेस्ता समेतबाट नेपाल सरकारको नाममा दर्ता भईसकेको जग्गालाई व्यक्ति विशेषको नाममा दर्ता गर्नु पर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्ने प्रावधान समेतलाई ध्यान पुर्‍याएको नदेखिँदा उक्त कार्यमा संलग्न कर्मचारीहरुमाथि कारवाही हुनुपर्ने" भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ । त्यस सम्बन्धमा जग्गाको मोठ श्रेष्ता मालपोत कार्यालयमा रहने र नक्सा फिल्डबुकको जिम्मा नापी कार्यालयमा रहने, जग्गा दर्ता बारे जिम्मेवार पनि मालपोत कार्यालय नै हुने, कि.नं. ७२ मध्ये माग अनुसार कित्ता काट गर्ने भन्ने प्राप्त पत्र अनुसार नापी कार्यालयका सम्बन्धित कर्मचारीबाट कित्ताकाट भई चेक जाँच फाँट बाट चेक गरी प्रचलित नापी कार्यविधि अनुसार पेश भएको उक्त हाल साविक गर्ने कार्यमा प्रमाणित मात्र गरेको भन्ने सम्बन्धित नापी अधिकृतहरुको भनाई रहेको देखिन्छ । मालपोत कार्यालय र नापी कार्यालयका सम्बन्धित कर्मचारीहरुको यस सम्बन्धी भनाई हेर्दा मालपोत कार्यालयले उक्त विवादित जग्गा नापी कार्यालयको पत्र बमोजिम कित्ताकाट भई आएकाले व्यक्तिको नाममा दर्ता गरेको भन्ने र नापी कार्यालयले मालपोत कार्यालयको निर्णय बमोजिम कित्ताकाट गरेको भनी एकले अर्कामाथि दायित्व र जिम्मेवारी पन्छाई आफू जिम्मेवारीबाट हट्ने किसिमको भनाई रहेको देखियो । कानुन बमोजिम जिम्मेवारी वहन गर्नुपर्ने कर्मचारीले दायित्व र जिम्मेवारी पन्छाउने गरी एक अर्काप्रति आरोप लगाई जिम्मेवारी पन्छाउने गरी स्पष्टीकरण दिदैमा कानुनी दायित्वबाट मुक्त हुन सक्दैन। कानुनी कर्तव्य भएका सार्वजनिक दायित्व पूरा गर्नु पर्ने पदाधिकारीले कानुन बमोजिम कार्यसम्पादन गर्नु पर्ने प्रशासकीय कानुनको आधारभूत मान्यता हो ।

नापी कार्यालय, डिल्लीबजारमा कार्यरत रहँदा यी पुनरावेदकले विवादित जग्गाको नक्सा श्रेस्ता पूर्जा तयार गरी प्रमाणित गरेको सम्बन्धमा नापी विभागका महानिर्देशकले मिति २०७०।११।८ मा यी पुनरावेदकलाई गरेको विभागीय सजाय कानुनसम्मत छ छैन ? भन्ने तर्फ हेर्दा विवादित नक्सा तयार गर्ने अमिनहरुलाई अधिकारप्राप्त अधिकारीले कुनै कारवाही गरेको मिसिलसंलग्न कागजातबाट देखिन्न । नक्सा रुजु र प्रमाणित गर्ने नापी अधिकृत यी पुनरावेदकलाई नापी विभागका महानिर्देशकबाट विभागीय सजायको निर्णय गरेको देखियो । नापी विभागका महानिर्देशकले स्पष्टीकरण नै माग नगरी सजाय गरेको निर्णय कानुनसम्मत नभएको भन्ने यी पुनरावेदकको जिकिर रहेको छ । यस सम्बन्धमा हेर्दा निजामती सेवा ऐन, २०४९को दफा ६६ मा "विभागीय सजाय दिन पाउने अधिकारीले कुनै निजामती कर्मचारीलाई सजाय दिने आदेश दिनु भन्दा अघी कारवाही गर्न लागिएको कारणको उल्लेख गरी सो कर्मचारीलाई उचित म्याद दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्ने छ" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ । यसैगरी सर्वोच्च अदालतबाट *प्रकाश यादव विरुद्ध प्रशासकीय अदालत समेतको मुद्दामा (ने.का.प. २०६३, पृ ७६२)* प्रतिपादित सिद्धान्त अनुसार जुन अधिकारीले विभागीय सजायको निर्णय गर्ने हो, त्यही अधिकारीले स्पष्टीकरण लिएको हुनुपर्ने, अन्यथा निर्णय त्रुटिपूर्ण हुने भन्ने व्याख्या रहेको सन्दर्भमा जुन अधिकारीलाई सजाय गर्ने अधिकार छ, त्यही अधिकारीले स्पष्टीकरण सोधेको हुनुपर्ने, माथिल्लो निकाय वा आफूभन्दा माथिल्लो वा तल्लो अधिकारीले स्पष्टीकरण मागेको आधारमा गरिएको निर्णय मान्य नहुने तत्सम्बन्धी नजीरसमेत रहे भएको देखिन्छ, यी पुनरावेदकलाई विभागीय सजायको निर्णय गर्नु पूर्व नापी विभागका महानिर्देशकले स्पष्टिकरण मागेको भन्ने कुरा प्रत्यर्थीले भन्न सकेको देखिन्न । यस अवस्थामा विभागीय सजायको निर्णय गर्ने नापी विभागका महानिर्देशकबाट स्पष्टीकरण नै नमागी यी पुनरावेदक दुर्गादास महर्जनलाई २०७०।११।८ मा गरेको विभागीय सजायको निर्णय निजामती सेवा ऐन, २०४९ को दफा ६६ को व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित नजिर समेतको प्रतिकूल भई कानुनसम्मत नहुँदा बदर हुने ठहर्छ ।

प्रस्तुत मुद्दामा यी पुनरावेदक समेतलाई विभागीय सजाय गर्ने अधिकारप्राप्त अधिकारी नापी विभागका महानिर्देशक आफैले स्पष्टीकरण सोधी विभागीय सजायको निर्णय गर्नुपर्नेमा सो नगरी विभागीय सजाय गरेको र एउटै घटनामा संलग्न कर्मचारीहरुमध्ये केही कर्मचारीलाई कारवाही गरी केही कर्मचारीलाई कारवाही नगरिएको कारण असमान व्यवहार भएको भन्ने समेत जिकिर देखिन्छ । यस अदालतबाट ***भुपबहादुर बोगटी समेतको*** *(भुपबहादुर बोगटी वि. भूमिसुधार तथा व्यवस्थापन विभाग समेत, मु.नं. २७, प्रशासकीय अदालत बुलेटिन, अंक ६, २०६६)* मुद्दामा प्रशासकीय अधिकारीले न्यायिक प्रकृतिको निर्णय वा विभागीय सजायको निर्णय गर्दा विभिन्न सिद्धान्तहरुको पालना गर्नुपर्ने व्याख्या सहित निर्देशन दिएको अवस्था छ । यस्तो निर्देशन सहितको सिद्धान्तहरुमा -(१) कानूनी राज्यमा कानूनले दिएको अधिकारभन्दा बाहिर गई गरेको कार्य अवैध र शून्य (*Ultravires: beyond powers*) हुने, (२) निर्णयकर्तालाई कानूनले कारवाही र निर्णय गर्ने अधिकार (*Power of Authorization*) नदिएको अवस्थामा निर्णयकर्ताले जतिसुकै अन्य कुराको रित पुऱ्याएको भए पनि अधिकारक्षेत्र नभएको विषयमा निर्णय गरेमा (*Excess of Jurisdiction*) त्यस्तो निर्णय मान्य नहुने, (३) निर्णयकर्ताले प्राकृतिक न्यायको सिद्धान्तलाई पूर्ण परिपालना गरी निर्णय गरेको हुनुपर्ने, (४) कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक कानूनले जुन अधिकारीलाई निर्णय गर्ने अधिकार तोकेको छ त्यही अधिकारीले सो निर्णय गरेको हुनुपर्ने, त्यस्तो अधिकार प्रत्यायोजन गर्न नसकिने (*Statutory power must be exercised by the authority in whom it is vested),* (५) अधिकारप्राप्त अधिकारीले आफ्नो अधिकार सदासयतापूर्वक (***Utmost in good faith)***, असल नियत र असल मनसायले प्रयोग गरेको हुनुपर्ने *(Statutory power must be exercised bonafide)***,** (६) अधिकारप्राप्त अधिकारीले आफ्नो अधिकारको प्रयोग दुराशय वा कानूनको उद्देश्य प्रतिकूल हुने गरी गर्नु नहुने, (७) कानूनले जुन उद्देश्य र अपेक्षा *(Object and Expectation)* राखेको हुन्छ त्यही उद्देश्य र अपेक्षा अनुरूप निर्णयकर्ताले कानूनको प्रयोग गरी निर्णय गरेको हुनुपर्ने, (८) निर्णयकर्ताले आफ्नो स्वविवेकीय अधिकारको प्रयोग विवेकपूर्ण किसिमले आफैँले प्रयोग गरेको हुनुपर्ने । निर्णयकर्ताले कसैको निर्देशनमा निर्णय गर्नु नहुने, (९) कानून बमोजिम स्वविवेकीय अधिकार प्रयोग गरी निर्णय

गर्ने अधिकार पाएको निर्णयकर्ताले आफ्नो स्वविवेकीय अधिकार परित्याग (*Abdication*) गरी निर्णय भएको रहेछ भने त्यस्तो निर्णय मान्य नहुने, (१०) निर्णयकर्ता कुनै निर्णयमा पुग्न कानूनले कुनै निश्चित पूर्वावस्था, पूर्वशर्त वा पूर्वाधार (*Condition Precedent*) तोकेको छ भने स्पष्ट रूपमा सो पूर्वाधार विद्यमान भएको हुनुपर्ने, (११) कानूनी कर्तव्य वा दायित्व पूरा गर्नुपर्ने जिम्मेवारी रहेको कुनै पनि सार्वजनिक अधिकारीले त्यस्तो कर्तव्य वा दायित्व पूरा नगर्ने गरी कुनै सम्झौता वा निर्देशन बमोजिम छूट भएको भनी वा परिपत्र बमोजिम भनी त्यस्तो कानूनी दायित्व पूरा नगर्ने गरी इन्कार गर्न नसक्ने, (१२) निर्णयकर्ताले हदम्याद, हकदैया, क्षेत्राधिकार, प्राङ्गन्याय वा दोहोरो खतराको सिद्धान्त जस्ता कानूनका आधारभूत सिद्धान्त एवं कानून र न्यायको मान्य सिद्धान्तलाई ध्यान दिई निर्णय गर्नुपर्ने, (१३) निर्णयकर्ताले फौजदारी प्रकृतिको कसूरमा निर्णय गर्नुपूर्व संविधान तथा मानवअधिकारका मान्यताप्राप्त अन्तर्राष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेको फौजदारी न्यायको हकलाई सम्मान गर्दै त्यससम्बन्धी कार्यविधिको पालना गरी निर्णय गरेको हुनुपर्ने, (१४) निर्णयकर्ताले आरोपीलाई कसूरको गाम्भिर्यता र मात्राको अनुपातमा सजाय दिएको *(Doctrine of Proportionality)* भएमा नै त्यस्तो निर्णय मान्य हुने भन्ने जस्ता व्याख्याहरु रहेको छ । यसैगरी *मग्नु दत्त विरुद्ध भूमि सुधार तथा व्यवस्था मन्त्रालय* समेत भएको विभागीय सजाय (*प्रशासकीय अदालत बुलेटिन, फैसला विशेषाङ्क, २०७१, अंक १९, पृ. ४७*) समेतका विभिन्न मुद्दाहरुमा यस अदालतबाट -अधिकारक्षेत्र नभएको विषयमा कुनै कारवाही र निर्णय नगर्ने, प्रतिवाद गर्ने मौका नदिई निर्णय नगर्ने, आफ्नो निहित स्वार्थ भएको विषयमा निर्णय नगर्ने, प्रवृत्त भावना, दुरासय, कपटपूर्ण र वद्नियत किसिमले निर्णय नगर्ने, निमित्त अधिकारीले न्यायिक प्रकृतिको निर्णय नगर्ने, न्यायिक अधिकार प्रत्यायोजन नगर्ने, न्यायिक अधिकारको प्रयोग निर्देशन र परिपत्रका आधारमा नगर्ने, स्वविवेकीय अधिकारको दुरूपयोग नगर्ने, निर्णय गर्दा सवूद प्रमाणको मूल्याङ्कनद्वारा न्यायिक मनको प्रयोग गरी निर्णय गर्ने, अधिनस्थ कर्मचारीले पेश गरेको टिप्पणी सदर गर्ने परिपाटीको अन्त्य गरी निर्णय पर्चा खडा गरी निर्णय गर्ने, स्वच्छ सुनुवाइ र न्यायिक अनुशासनभित्र रही कार्य गर्ने, खुला इजलास वा पारदर्शीपूर्ण किसिमबाट कारवाही गर्ने, निर्णय गर्दा आधार र कारण खोली निर्णय गर्ने, कानूनद्वारा निर्धारित समयमा वा मुनासिव समयभित्र निर्णय गर्ने, विभागीय कारवाही गर्ने अधिकारीले नै विभागीय कारवाहीको लागि स्पष्टीकरण सोध्नु पर्ने भन्ने समेतका न्याय र कानूनका आधारभूत सिद्धान्तहरुको व्याख्या विवेचना गरी तत्सम्बन्धी सिद्धान्तहरुको परिपालना गरी कार्य सम्पादन गर्न गराउन सम्बन्धित निकाय र पदाधिकारीलाई आदेश र निर्देशन सहित त्यस सम्बन्धी जानकारी पटक-पटक गराउँदा समेत अझसम्म त्यस विषयमा सुधार हुन नसकेको अवस्था देखिएको र प्रशासकीय अधिकारीले न्यायिक प्रकृतिको निर्णय वा विभागीय सजायको निर्णय गर्दा अनिवार्य रुपमा पालना गर्नु पर्ने आधारभूत सिद्धान्तहरुको परिपालना नगरी पटक-पटक त्यसको बर्खिलाप हुने गरी निर्णय भइरहने हो भने कानुनी शासन अर्थपूर्ण हुन सक्दैन । यस्तो अवस्था भइरहेमा स्वेच्छाचारिता बढ्ने अवस्था रहन्छ । जसका कारण कानुनी राज्यप्रतिको विश्वास धुमिल हुन सक्दछ । प्रस्तुत मुद्दामा यी पुनरावेदक समेतलाई विभागीय सजाय गर्ने अधिकारप्राप्त अधिकारी नापी विभागका महानिर्देशक आफैले स्पष्टीकरण सोधी विभागीय सजायको निर्णय गर्नुपर्नेमा सो नगरी सजाय गरेको, मन्त्रालयकै तहबाट पटक-पटक स्पष्टीकरण लिने तर जसलाई कारवाही गर्ने अधिकार छ त्यसबाट नगरिने जस्ता कार्यले प्रक्रियाहरु जटिल बनाइने, समयमै निर्णय नगर्ने जस्ता प्रवृत्तिमा सुधार गर्नु आवश्यक भएको, त्यसमा पनि एउटै घटनामा संलग्न कर्मचारीहरुमध्ये केही कर्मचारीलाई कारवाही गरी केही कर्मचारीलाई कारवाही नगरिएको विषय समेतलाई मध्यनजर गरी अदालतको आदेश, फैसला एवं कानून र न्यायका मान्य सिद्धान्त बमोजिम कार्य सम्पादन गर्न गराउन एवम् सरकारी र सार्वजनिक जग्गाहरु व्यक्ति विशेषका नाममा अवैध किसिमले दुषित दर्ता गर्ने कार्यले सार्वजनिक जग्गा जमिन बढ्दो रुपमा अतिक्रमण गर्ने प्रवृत्तिलाई रोकी भावी पुस्ताको समेत सार्वजनिक हकको संरक्षण गर्न देहायका विषयमा नेपाल सरकारको ध्यानाकर्षणको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सचिव एवम् नेपाल सरकारका मुख्य सचिव समक्ष यो फैसलाको प्रतिलिपि पठाउनू ।

१. कुनै पनि व्यक्तिको हक अधिकारमा असर गर्ने न्यायिक वा विभागीय सजायको निर्णय गर्दा पालना गर्नु पर्ने माथि उल्लेखित आधारभूत सिद्धान्तहरु पालना गर्न गराउन र त्यस्तो सिद्धान्तको प्रतिकूल कार्य गर्ने अधिकारीलाई जिम्मेवार बनाउने कानुनी व्यवस्था गर्न ।

२. सार्वजनिक र सरकारी जग्गा विभिन्न किसिमबाट अतिक्रमण गरी व्यक्ति विशेषका नाममा नाप नक्सा गरी दर्ता गर्ने जस्ता दुषित कार्यहरु भइरहेको र यस्तो कार्य खासगरी जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६ को उपदफा (६) को व्यवस्था बमोजिम भोगको आधारमा नाप नक्सा गरी जग्गा दर्ता गर्ने, जग्गा नाप जाँच ऐन, २०१९ को दफा ५ मा साविकमा रहेको नाप नक्सा गर्दा पहिला सरकारी तथा सार्वजनिक जग्गा छुट्याइकन मात्र व्यक्ति विशेषको जग्गा नाप नक्सा गर्ने भन्ने भइरहेको व्यवस्थालाई संशोधन गरिंदा सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमित भई व्यक्ति विशेषका नाममा अवैध रुपमा दर्ता हुने गरेको, साविकको नापी बमोजिम सरकारी तथा सार्वजनिक जग्गाको कूल क्षेत्रफल पुनः नापी हुँदा कायम राख्नु पर्ने व्यवस्था भएकोमा पुनः नापी हुँदा साविकका कृषि क्षेत्र शहरी क्षेत्रमा परिणत हुँदा बाटो, पार्क, ढल र खुला क्षेत्र समेतलाई जोडी साविकको क्षेत्रफल पुऱ्याई सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गर्ने, नक्सा र फिल्डको अवस्था नमिलेको आधारमा अद्यावधिक गर्दा अतिक्रमण गर्ने, सरकारी जग्गा सुकुम्बासीको नाममा वितरण गर्दा सार्वजनिक जग्गाको क्षेत्रफल खुम्चिदै गएको, साविक नापीमा नक्सामा लेखिँदै आएको पर्ति जग्गाको सङ्केत ७,८,९ नम्बर पुनः नापी हुँदा त्यसमा लेख्ने वा जनाउने नगर्ने, छुट जग्गा दर्ता गर्ने क्रममा सार्वजनिक र सरकारी जग्गाहरु व्यक्ति विशेषका नाममा अवैध किसिमले दर्ता गर्ने, लगत एकिन नगरी सरकारी वा सार्वजनिक जग्गालाई गुठी अधिनस्थ कायम गर्ने जस्ता कार्यले सार्वजनिक र सरकारी जग्गाहरु अतिक्रमित भइरहेको, वन सीमाभित्रको जग्गाको क्षेत्रफलको अभिलेख अद्यावधिक नहुँदा सार्वजनिक तथा सरकारी जग्गा गैर कानुनी किसिमले विभिन्न संघ संस्था निकायहरुले विक्री गरी दुरुपयोग गर्ने, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख र संरक्षण गर्ने जिम्मा विभिन्न ऐन कानुनले विभिन्न निकायहरुलाई तोकेकोमा एकले अर्कालाई जिम्मेवारी पन्छाउने जस्ता व्यवहारले सार्वजनिक एवम् सरकारी जग्गाहरु अतिक्रमित भइरहेकोले 'सार्वजनिक हक हित'को विषयमा व्यक्तिको हक कायम गरिदिने जस्ता दुषित कार्यहरु बढिरहेको भन्ने भएकाले त्यस सम्बन्धमा उपयुक्त कानुनी व्यवस्था गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्न गराउन र कानुन प्रतिकूल कार्य गर्नेहरुलाई कारवाही गर्न ।

यो फैसलाको जानकारी लोकसेवा आयोग, पुनरावेदक, सम्बन्धित मन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिई मिसिल नियमानुसार बुझाई दिनू ।

.....................................

(काशीराज दाहाल)

अध्यक्ष

उक्त रायमा सहमत छु ।

.........................................

(कुमार योञ्जन तामाङ्ग)

सदस्य

इति सम्वत् २०७१ साल चैत्र ९ गते रोज २ शुभम् ।

## ३. गमबहादुर तामाङ्ग विरुद्ध सूचना तथा सञ्चार मन्त्रालय समेत

# प्रशासकीय अदालत
## इजलास

**श्री काशीराज दाहाल.............. अध्यक्ष**
**श्री कुमार योञ्जन तामाङ ....... सदस्य**
**श्री ङइन्द्र प्रसाद उपाध्याय ....... सदस्य**

## फैसला

सम्वत् २०७१ सालको पु.वे.नं.......... १०

**मुद्दा :-विभागीय सजाय ।**

नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, हुलाक सेवा विभाग जिल्ला हुलाक कार्यालय मनाङ अन्तर्गत इलाका हुलाक कार्यालय धारापानीमा हुलाकी तृतीय पदमा कार्यरत गमबहादुर तामाङ ........................................................................................ १ — पुनरावेदक पक्ष

**विरूद्ध**

सूचना तथा सञ्चार मन्त्रालय, हुलाक सेवा विभाग जिल्ला हुलाक कार्यालय चामे मनाङ..... १
सूचना तथा सञ्चार मन्त्रालय, हुलाक सेवा विभाग जिल्ला हुलाक कार्यालय चामे मनाङका हुलाक अधिकृत ........................................................................... १
सूचना तथा सञ्चार मन्त्रालय, हुलाक सेवा प्रशासन शाखा डिल्लीबजार काठमाडौं ........... १
नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवार काठमाडौं ............................ १
— प्रत्यर्थी विपक्षी

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र निर्णय यसप्रकार छ :-

लमजुङ्ग जिल्ला ताघ्रिङ गा.वि.स. स्थायी वतन भई मिति २०५२।१।४ देखि हुलाकी पदमा कार्यरत तपाई गमबहादुर तामाङ लमजुङ्गदेखि मनाङसम्म मूल डाँक लाइनमा डाँक बोक्ने काममा विगत वर्षहरू देखि तोकिएकोमा मिति २०७० साल आश्विन महिनासम्मको कार्यालयबाट प्राप्त तलवभत्ता लगायत अन्य सुबिधा लिइसकेको रेकर्डबाट देखिन्छ । सरकारी सेवामा सेवा सुविधा प्राप्त गरी पद अनुकूल तोकिएको काममा गैरजिम्मेवार हुने, डाँक सञ्चालनमा लापरवाही वेवास्ता गरी २०७० साल मंसीर ४ गते हुने दोस्रो संविधानसभाको निर्वाचनमा लमजुङ्ग क्षेत्र नं २ बाट संघीय गणतान्त्रिक समाजवादी पार्टी, नेपालको तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा प्रत्यक्षतर्फ उम्मेदवार मनोनयनपत्र दर्ता गरेको वारेमा जिल्ला प्रशासन कार्यालय लमजुङ्गको च.न. १७७३ मिति २०७०।७।२८, जिल्ला प्रशासन कार्यालय मनाङको मिति २०७०।७।२८ र जिल्ला निर्वाचन कार्यालय लमजुङ्गको पत्रबाट तोकि आएअनुसार जानकारी भई पत्र लेखिएको छ । सरकारी सेवामा रहेर किन राजनीतिक दलको नेतृत्व गरी निर्वाचनमा भाग लिनु भएको हो ? विना सूचना किन डाँक परिवहनप्रति लापरवाही गर्नुभएको हो ? पदीय आचरण विपरित राजनीतिक नेतृत्व गरी निर्वाचनमा मनोनयन दर्ता गर्नुपर्नाको कारण र डाँक परिवहन रोक्नु पर्नाको कारण वारेमा लिखित स्पष्टीकरण माग गरिएको

छ, पत्र पाएको मितिले बाटाका म्याद बाहेक १० दिनभित्र चित्तबुझ्दो स्पष्टीकरण पेश गर्नुहोला अन्यथा निजामती सेवा ऐन तथा नियमावली, प्रचलित नेपाल कानून बमोजिम कारवाही अगाडि बढाउन सकिने व्यहोरा जानकारी गराईन्छ भन्ने समेत व्यहोराको मिति २०७०।७।२८ मा जिल्ला हुलाक कार्यालय, मनाङको यी पुनरावेदकलाई स्पष्टीकरण माग गरिएको पत्र ।

लमजुङ्ग जिल्ला ताघ्रिङ्ग गा.वि.स. घर भई हाल स्थायी हुलाकी तृतीयस्तरमा कार्यरत तपाई गमबहादुर तामाङ च्याम्चेदेखि धारापानी डाँक रेखामा डाँक ढुवानी काममा रहेकोमा मिति २०७० साल मंसीर ४ गते हुने भएको दोस्रो संविधानसभाको निर्वाचनमा लमजुङ्ग क्षेत्र नं १ बाट संघीय गणतान्त्रिक समाजवादी पार्टी, नेपालको तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा प्रत्यक्षतर्फ उम्मेदवार हुन मनोनयन पत्र दर्ता भएको बारेमा जिल्ला प्रशासन कार्यालय लमजुङ्गको मिति २०७०।७।२८ को पत्र, जिल्ला प्रशासन कार्यालय मनाङको मिति २०७०।७।२८ को पत्र तथा जिल्ला निर्वाचन कार्यालय लमजुङ्गको मिति २०७०।७।२९ को पत्रबाट जानकारी प्राप्त भएको छ । सो सिलसिलामा सेवाबाट कुनै किसिमले अलग नभएसम्म निजामती सेवा ऐन, नियमावलीको अक्षरश पालना गर्नुपर्नेमा तपाईले निजामती सेवा ऐन, २०४९ को (दोस्रो संशोधन समेत) दफा ६१ (ङ) बमोजिमको कानूनी व्यवस्था बर्खिलाप गरेको देखिएकोले सरकारी सेवामा वहाल रहँदा रहँदै किन प्रत्यक्ष राजनीतिमा भाग लिनु भएको हो ? तपाईलाई सोही ऐनको दफा ५९ (ख) (२) बमोजिम किन कारवाही नगर्ने ? कारवाही गर्नु नपर्ने कुनै आधार प्रमाण भए पत्रका मितिले ७ (सात) दिनभित्र चित्त बुझ्दो लिखित स्पष्टीकरण पेश गर्न मनासिब माफिकको समय दिइएको छ । अन्यथा तपाईलाई निजामती सेवा ऐन, २०४९ नियमावली २०५० र प्रचलित नेपाल कानूनबमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ भन्ने समेत व्यहोराको मिति २०७०।८।११ मा जिल्ला हुलाक कार्यालय, चामे मनाङले यी पुनरावेदकलाई स्पष्टीकरण माग गरेको पत्र ।

लमजुङ्ग जिल्ला ताघ्रिङ्ग गा.वि.स. घर भई हाल स्थायी हुलाकी तृतीय स्तरमा कार्यरत तपाई गमबहादुर तामाङ च्याम्चेदेखि धारापानी डाँक रेखामा डाँक ढुवानी काममा रहेकोमा मिति २०७० साल मंसीर ४ गते हुने भएको दोस्रो संविधानसभाको निर्वाचनमा लमजुङ्ग क्षेत्र नं १ बाट संघीय गणतान्त्रिक समाजवादी पार्टी नेपालको तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा प्रत्यक्षतर्फ उम्मेदवार हुन मनोनयन पत्र दर्ता भएको बारेमा जिल्ला प्रशासन कार्यालय लमजुङ्गको मिति २०७०।७।२८ को पत्र तथा जिल्ला निर्वाचन कार्यालय लमजुङ्गको मिति २०७०।७।२९ को पत्रबाट लेखि आएअनुसार जानकारी प्राप्त भएको छ । सो सिलसिलामा सेवाबाट कुनै किसिमले अलग नभएसम्म निजामती सेवा ऐन, नियमावलीको अक्षरश पालना गर्नुपर्नेमा तपाईले निजामती सेवा ऐन, २०४९ को (दोस्रो संशोधन समेत) दफा ६१ (ङ) बमोजिमको कानूनी व्यवस्था बर्खिलाप गरेको देखिएकोले सरकारी सेवामा वहाल रहदाँ रहँदै किन प्रत्यक्ष राजनीतिमा भाग लिनु भएको हो ? तपाईलाई सोही ऐनको दफा ५९ (ख) (२) बमोजिम किन कारवाही नगर्ने ? कारवाही गर्नु नपर्ने कुनै कारण आधार प्रमाण भए चित्तबुझ्दो स्पष्टीकरण पेश गर्न मनासिब माफिकको समय दिइएकोमा हालसम्म तपाईबाट कुनै लिखित जानकारी वा चित्तबुझ्दो जवाफ स्पष्टीकरण पेश हुन नआएकोले पुनः ताकेता स्पष्टीकरण सोधिएको छ, पत्रका मितिले तीन दिनभित्र चित्तबुझ्दो लिखित स्पष्टीकरण पेश गर्नुहोला अन्यथा तपाईलाई निजामती सेवा ऐन, २०४९, नियमावली २०५० र प्रचलित नेपाल कानून बमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ भन्ने समेत व्यहोराको मिति २०७०।८।१९ मा यी पुनरावेदकलाई जिल्ला हुलाक कार्यालय चामे मनाङले स्पष्टीकरण माग गरिएको ताकेता पत्र ।

लमजुङ्ग जिल्लाको च्याम्चे डाँक चौकीदेखि मनाङको धारापानी मूल डाँक चौकीमा कार्यरत हुलाकी तृतीय स्तरका तपाई गमबहादुर तामाङ मिति २०७०।७।१ देखि उक्त चौकीमा हाजिर नभई संघीय गणतान्त्रिक समाजवादी पार्टी नेपाल दलको नेतृत्व गरी लमजुङ्ग क्षेत्र नं २ बाट मिति २०७० मंसीर ४ गते सम्पन्न निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवार हुन मनोनयन पत्र दर्ता गरेको लिखित जानकारी प्राप्त भई तपाईलाई मिति २०७०।७।२८, २०७०।८।११ र च.नं ८६ मिति २०७०।८।१९ मा मनासिब माफिकको समय दिई स्पष्टीकरण

ताकेता स्पष्टीकरण सोधनी हुँदा हालसम्म मौखिक, लिखित कुनै जवाफ पेश गर्नु नभएकोले यो अन्तिम स्पष्टीकरण मनासिब माफिकको मौका दिइएको छ । अतः रजनैतिक दलको नेतृत्व गरी प्रत्यक्ष राजनीतिमा भाग लिनाको कारण र बिना सूचना गैर हाजिर हुनाको कारणसहित २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेश गर्नुहोला । अन्यथा निजामती सेवा ऐन, २०४९ संशोधनसहित दफा ६१ को १(ख) (ङ) को अभियोगमा सोही ऐनको दफा ५९ को (ख((१) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउनेतर्फ कारवाही गरिने व्यहोरा जानकारी गराईन्छ भन्ने समेत व्यहोराको मिति २०७०।८।२३ मा जिल्ला हुलाक कार्यालय मनाङको यी पुनरावेदकलाई स्पष्टीकरण माग गरिएको पत्र ।

मिति २०५२।१।४ मा स्थायी नियुक्ति भई सरकारी सेवाप्रति जिम्मेवार भई सेवारत रहेकोमा पछिल्ला वर्षहरूमा हुलाक सेवाको स्तर खस्कन गई जनतामाझ गौण हुन गएकोले भविष्यका लागि केही सोच राखी संघीय गणतान्त्रिक समाजवादी पार्टी नेपालको दलप्रति आवद्ध भई हाल लमजुङ्ग जिल्लाको अध्यक्ष पदमा रहेको छु । मिति २०७० मंसीर ४ गते हुने संविधानसभाको दोस्रो निर्वाचनमा मेरो पार्टीको जिम्मेवारी अनुसार लमजुङ्ग जिल्ला क्षेत्र नं २ बाट पहिलो निर्वाचित हुने प्रत्यक्षतर्फ उम्मेदवारी मनोनयन पत्र दर्ता गरेकोमा प्रकृयागत त्रुटिले मनोनयन पत्र वदर हुन गएको हो । जिल्ला हुलाक कार्यालय चामे मनाङमा अग्रिम राजनीनामा स्वीकृत लिई निर्वाचनमा भाग लिन पर्नेमा प्रकृयागत र कानूनी व्यवस्थाको भूलवश राजीनामा मात्रै दिई स्वीकृती नै नलिई भाग लिन पुगेकोमा मलाई दुःख लागेको छ । सो मेरो लापरवाही नभई अज्ञानता, हतारमा भएको व्यहोरा निवेदन गर्दछु । जिल्ला हुलाक कार्यालय मनाङबाट निर्वाचन आयोग, जिल्ला प्रशासन कार्यालय लमजुङ्ग, जिल्ला निर्वाचन कार्यालय लमजुङ्ग, जिल्ला प्रशासन कार्यालय मनाङको पत्रका आधारमा पटक पटक लिखित मौखिक स्पष्टीकरण सोधिएकोमा निर्वाचन कार्य व्यस्तताले आजै मात्रै समय निकाली आफै कार्यालयमा उपस्थित भई जवाफ पेश गरेको छु । निजामती सेवा ऐन, नियमावलीको दफामा उल्लेख भएका कुराहरू भन्दा विगत वर्षदेखि हिउदको हिउँ, पानीको कुनै परवाह नगरी दुर्गमका पनि अति दुर्गम ठाउँहरूमा समेत डाँक परिवहन गरेको, कार्यालयले मनासिब माफिकको समय दिई मेरो भनाईहरू राख्न दिएको, मेरा परिवार तत्काल र पछिसम्मका लागि केही सुविधाहरू उपलव्ध गराउन मेरो २ वर्ष अस्थायी सेवा जोडी पेन्सन लगायतका सुविधाप्रति विचार पुऱ्याउने कुरामा म विश्वस्त छु । कानूनको उचित संरक्षण र सुविधाबाट म बञ्चित हुने छैन । मेरो सेवा सुविधा मनाङ जिल्ला हुलाक कार्यालयबाट प्राप्त हुने कुरामा विश्वस्त छु भन्ने समेत व्यहोराको मिति २०७०।८।२४ गते यी पुनरावेदकले जिल्ला हुलाक कार्यालय चामे मनाङमा पेश गरेको स्पष्टीकरण जवाफ ।

निजामती सेवा ऐन, २०४९ (दोश्रो संशोधन) को दफा ४९ को निजामती कर्मचारीले कुनै पनि राजनीतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारको प्रभाव पार्न नहुने व्यहोरा उल्लेख छ । सोही ऐनको दफा ६१ को खण्ड (ङ) मा निजामती कर्मचारीले राजनीतिमा भाग लिएमा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सक्ने प्रावधान रहेको छ । प्रस्तुत सन्दर्भमा तपाई गत संविधानसभा निर्वाचन २०७० को निर्वाचनमा लमजुङ्ग जिल्ला क्षेत्र नं २ बाट प्रत्यक्ष तर्फ संघीय गणतान्त्रिक समाजवादी पार्टीको प्रत्यासी भई उम्मेद्वारी दर्ता गर्नुभएको विषयमा तपाईलाई मिति २०७०।७।२८ मिति २०७०।८।१९ र मिति २०७०।८।२३ को पत्रबाट स्पष्टीकरण सोधिएकोमा यहाँबाट मिति २०७०।८।२४ मा प्राप्त स्पष्टीकरणमा आफूले निजामती सेवा ऐनको पालना भूलवश गर्न नसकेको व्यहोरा स्वीकारी सक्नु भएको छ । निजामती सेवाबाट राजीनामा स्वीकृत नगरी निर्वाचनमा उम्मेदवारी दिने विषय निजामती सेवा ऐन, २०४९ को दफा ६१ को खण्ड (ङ) को बर्खिलाप देखिनगई यहाँलाई ऐनको दफा ५९ को खण्ड (ख) को १ बमोजिम भविष्यमा सरकारीसेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट किन नहटाउने भनी ऐनको दफा ६७ बमोजिम सजाय प्रस्ताव गरी पुनः स्पष्टीकरण सोधिएको छ । पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र स्पष्टीकरण पेश गर्नुहुन अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०७०।११।२७ मा यी पुनरावेदकलाई स्पष्टीकरण पेश गर्ने सम्बन्धमा जिल्ला हुलाक कार्यालय मनाङको पत्र ।

जिल्ला हुलाक कार्यालय मनाङ अन्तर्गत च्याम्चे धारापानी डाँक चौकीमा कार्यरत हुलाकी गमबहादुर तामाङ ले राजनीतिमा भाग लिएको सम्बन्धमा निजले निजामती सेवा ऐन, २०४९ को दफा ५९ (ख) (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरीसेवाबाट हटाउने सजाय गर्न त्यहाँको परामर्शको लागि मिति २०७०।१२।२६ को निर्णयानुसार अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०७१।१।४ मा सूचना तथा सञ्चार मन्त्रालयले लोक सेवा आयोगलाई परामर्श बारे लेखेको पत्र ।

जिल्ला हुलाक कार्यालय मनाङ अन्तर्गत च्याम्चे धारापानी डाँक चौकीमा कार्यरत हुलाकी गम बहादुर तामाङलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ (१)(ङ) को कसूरमा सोही ऐनको दफा ५९ (ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय गर्न परामर्श माग भई आएकोमा यसमा माग बमोजिम परामर्श पठाउने र दुई महिनाभित्र विभागीय कारवाही गरी सो को जानकारी आयोगलाई गराउने लेखी पठाउने भनी आयोगबाट मिति २०७१।४।८ मा निर्णय भएको हुँदा सक्कल फाईल यसैपत्र साथ फिर्ता पठाइएको छ। निजलाई दुई महिनाभित्र निजामती सेवा नियमावली, २०५० को अनुसूची १७ बमोजिमको ढाँचामा विभागीय सजाय गरी सो को प्रतिलिपि सहितको जानकारी यस अयोगलाई समेत दिनुहुन निर्णयानुसार अनुरोध छ भन्नेसमेत व्यहोराको मिति २०७१।४।८ मा लोकसेवा अयोगले सूचना तथा सञ्चार मन्त्रालयमा लेखेको पत्र ।

जिल्ला हुलाक कार्यालय मनाङ अन्तर्गत च्याम्चे धारापानी डाँक लाईनमा हुलाकी तृतीय पदमा कार्यरत गमबहादुर तामाङले २०७० साल मंसीर ४ गतेको संविधानसभाको निर्वाचनमा संघीय गणतान्त्रिक समाजवादी पार्टी, नेपालको तर्फबाट लमजुङ्ग क्षेत्र नं २ मा प्रत्यक्षतर्फ संविधानसभाको सदस्य पदमा प्रत्यासी भई उम्मेदवारी दर्ता गरेको सम्बन्धमा जाँचबुझ गर्दा गराउँदा निजामती सेवामा वहाल रहेको अवस्थामा राजनीतिमा भाग लिएको देखिन आएकोले निजसँग निजामती सेवा ऐन, २०४९ को दफा ६६ को उपदफा (१) बमोजिम ७ दिनको म्याद दिई सफाई माग गरिएकोमा निजले पेश गरेको सफाईको व्यहोरा सबुदमा सो आफ्नो लापर्वाही नभई अज्ञानता र भूलवश निर्वाचनमा उम्मेद्वारी दर्ता गरेको भनी स्पष्टीकरण पेश भएको कारणबाट उक्त स्पष्टीकरण सन्तोषजनक देखिएन । तसर्थ ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा ऐनको दफा ५९ को खण्ड (ख) (१) बमोजिम को सजाय निजलाई किन नगर्ने ? सो गर्नु नपर्ने कुनै सबुद प्रमाण वा कारण भए ७(सात) दिनभित्र स्पष्टीकरण पेश गर्नु भनी ऐनको दफा ६० बमोजिमको स्पष्टीकरण माग गरिएकोमा निजले परिस्थितिवस आफूबाट कमीकमजोरी हुन गएको भनी स्पष्टीकरण पेश गरेको देखियो । यस सम्बन्धमा सङ्कलन भएका कागजात बुझिएका सबुद प्रमाण र पेश भएको स्पष्टीकरण उपर समेत विचार गर्दा निज स्वयंको स्पष्टीकरण, सम्बन्धित जिल्ला निर्वाचन अधिकृतको कार्यालयको पत्र जस्ता सबुद प्रमाणबाट निजले ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर गरेको देखिएकोले निज उपर ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय प्रस्तावित गरी सो सजाय गर्नको निमित्त लोकसेवा अयोगबाट परामर्श प्राप्त भए अनुसार निज गमबहादुर तामाङलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहिरने गरी सेवाबाट हटाउने सजाय दिने निर्णय आदेश गरिएको छ । यो आदेशमा चित्त नबुझेमा नियम ११४ को खण्ड (घ) को म्यादभित्र प्रशासकीय अदालत समक्ष पुनरावेदन दिन सकिनेछ भन्ने समेत व्यहोराको मिति २०७१।५।९ मा जिल्ला हुलाक कार्यालय चामे मनाङका जिल्ला हुलाक अधिकृतले यी पुनरावेदकलाई गरेको विभागीय सजायको निर्णय पर्चा ।

निजामती सेवा नियमावलीको व्यवस्था अनुसार म पुनरावेदकले दिएको राजीनामा सनाखत गरी स्वीकृत गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय र विभागीय प्रमुख वा कार्यालय प्रमुखको रहेकोमा निजहरूले राजीनामा स्वीकृत नगरेको कारणबाट उक्त कार्यबाट म पुनरावेदक दोषी करार हुने होइन । निजहरूले समयमा नै आफ्नो दायित्व पूरा नगरी उल्टै राजीनामा दिई सकेको म पुनरावेदकलाई प्रत्यर्थी जिल्ला हुलाक कार्यालय,

मनाङले उक्त कार्यालयको कार्यरत कर्मचारी रहेको भनी खुलाई जिल्ला निर्वाचन आयोग मनाङमार्फत जिल्ला प्रशासन कार्यालय मनाङमा जानकारी दिएको र सोही जानकारी जिल्ला प्रशासन कार्यालय मनाङले जिल्ला निर्वाचन कार्यालय लमजुङ्गलाई दिएकै कारण निर्वाचन आयोग नेपालको मिति २०७०।८।२ को निर्णयले संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १८ को खण्ड (घ) बमोजिम संविधान सभाको निर्वाचनमा उम्मेदवार हुन अयोग्य रहेको जनाई म पुनरावेदकको लमजुङ्ग जिल्ला निर्वाचन क्षेत्र नं. २ बाट प्रत्यक्ष तर्फको उम्मेदवारी रद्द गर्ने निर्णय भएको थियो । मैले समयमा नै राजीनामा दिएता पनि राजीनामा स्वीकृत गर्ने अधिकारी नभएकै कारण म उक्त निर्वाचनमा निर्वाचित हुन पाउने हकबाट समेत बञ्चित भएको थिएँ । तसर्थ निर्वाचन आयोगको निर्णयले म निर्वाचनको लागि उम्मेद्वारी हुन अयोग्य भई निर्वाचनमा भाग नै लिन नपाएको अवस्थामा निर्वाचनमा भाग लिएको भनी आधार लिई मलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी सजाय दिने निर्णय आदेश आफैंमा त्रुटिपूर्ण र वदरभागी भएको हुँदा बदर गरी न्याय इन्साफ पाउँ । मैले स्पष्टीकरणमा आफूले लामो समयसम्म दुर्गम क्षेत्रमा इमान्दारीताका साथ सेवा गरेको, कमी कमजोरी प्रति क्षमा माग्दै आफूले पाउनु पर्ने सेवा र सुविधा उपलब्ध गराई पाउनु हुन भन्ने समेत व्यहोराको मिति २०७०।१२।१४ मा हुलाक सेवा विभागका महानिर्देशक समक्ष स्पष्टीकरण पेश गरेकोमा उक्त स्पष्टीकरणको कुनै मूल्याङ्कन नै नगरी उल्टै स्पष्टीकरण सन्तोषजनक नदेखेको भनी मलाई दोषी करार गरी सेवाबाट हटाउने सजाय गर्ने गरी भएको विभागीय सजायको आदेश निर्णय आफैमा त्रुटिपूर्ण र बदरभागी छ । जहाँसम्म मनोनयन पत्र दर्ताको सन्दर्भ छ, मनोनयन दर्ता गर्ने कार्यलाई भाग लिएको भनी अर्थ लगाउन मिल्ने होइन । जहाँसम्म म पुनरावेदकले निजामती सेवा ऐन, २०४९ (दोस्रो संशोधन अध्यादेश, २०६२) को दफा ६१ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर गरेको देखिएको भन्ने आधार लिएको छ । उक्त दफा मेरो मनोनयन सदर भै मैले निर्वाचनमा भाग लिएको अवस्थामा मात्र आकर्षित हुने व्यवस्थालाई मेरो उम्मेदवारी नै रद्द भई राजनीतिमा भाग नै लिन नपाएको अवस्थामा मात्र उक्त दफा जवर्जस्ती लगाई म पुनरावेदकलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय दिने निर्णय आदेश आफैमा त्रुटिपूर्ण र बदरभागी भएको हुँदा बदर गरी न्याय इन्साफ पाउँ भन्ने समेत व्यहोराको यी पुनरावेदकले मिति २०७१।६।८ गते यस अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

स्पष्ट आधार र प्रमाण बिना नै भागै नलिएको निर्वाचनमा भाग लिएको भनी अर्थ लगाई सजाय गर्नु कानूनप्रतिकूल भएको भन्ने पुनरावेदकको जिकिर विचारणीय भएकोले अ.वं २०२ नं बमोजिम प्रत्यर्थी कार्यालयलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत् सूचना दिई नियमानुसार गर्नू भन्ने समेत व्यहोराको मिति २०७१।८।२५ मा यस अदालतबाट भएको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट रहनु भएका कानून व्यवसायी अधिवक्ता श्री कुन्साङ लामाले यी पुनरावेदकको राजीनामा सनाखत गराई स्वीकृत गर्ने जिम्मेवारी सम्बन्धित कार्यालयका कार्यालय प्रमुख वा विभागीय प्रमुखलाई रहेकोमा निजहरूले राजीनामा स्वीकृत नगरेको कारणबाट यी पुनरावेदकलाई दोषी बनाउन नमिल्ने, यसरी पुनरावेदकले राजीनामा दिँदा दिँदै पनि राजीनामा स्वीकृत नगरी कारवाही गर्नु न्यायसंगत नभएकोले निजलाई मिति २०७१।५।९ मा जिल्ला हुलाक कार्यालय, मनाङ्गका जिल्ला हुलाक अधिकृतले गरेको विभागीय सजायको निर्णय कानूनसम्मत नहुँदा बदर हुनु पर्दछ भनी गर्नुभएको वहस तथा प्रत्यर्थी तर्फबाट उपस्थित उपन्यायाधिवक्ता श्री रमानाथ पौडेलले यी पुनरावेदक स्वयम्ले आफ्नो स्पष्टीकरणमा संविधानसभाको निर्वाचनमा संघीय गणतान्त्रिक समाजवादी पार्टीको राजनीतिक दलको उम्मेद्वार भई उम्मेद्वारी दर्ता गरेको भन्ने कुरालाई स्वीकार गरेको, त्यसमा पनि विभागीय सजाय प्रक्रिया प्रारम्भ भइसक्दा समेत निज जिल्ला पार्टी अध्यक्ष भई काम गरिरहेको कुरा स्वीकार गरी स्पष्टीकरण दिईरहेको सन्दर्भमा निज राजनीतिमा संलग्न नरहेको भन्न मिल्दैन र निजामती सेवा ऐन, २०४९ को दफा ४४ ले निजामती कर्मचारीले राजनीतिमा भाग लिन नहुने गरी कानूनद्वारा रोक

लगाएको अवस्थामा निजले सो कानूनी व्यवस्थाको उल्लंघन गरेको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (ङ) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम अख्तियारवालाले कानूनको रीत पुर्‍याई मिति २०७१।५।९ मा यी पुनरावेदकलाई सेवाबाट हटाउने गरी गरेको विभागीय सजायको निर्णय कानूनसम्मत नै हुँदा सदर हुनुपर्दछ भनी गर्नुभएको वहससमेत सुनी सम्बन्धित मिसिल कागजात अध्ययन गरी हेर्दा यी पुनरावेदकलाई जिल्ला हुलाक कार्यालय मनाङ्गका हुलाक अधिकृतले मिति २०७१।५।९ मा गरेको विभागीय सजायको निर्णय कानूनसम्मत छ छैन ? र सो निर्णय वदर गर्नुपर्ने हो, होइन ? भन्ने प्रश्नमा नै यस अदालतले निर्णय दिनुपर्ने देखिन आयो ।

प्रस्तुत मुद्दामा जिल्ला हुलाक कार्यालय मनाङ्ग अन्तर्गत च्याम्चे धारापानी डाँक लाईनमा हुलाकी तृतीय पदमा कार्यरत यी पुनरावेदकले २०७० साल मङ्सीर ४ गतेको संविधानसभाको निर्वाचनमा सङ्घीय गणतान्त्रिक समाजवादी पार्टी, नेपालको तर्फबाट लमजुङ्ग क्षेत्र नं २ मा संविधानसभाको सदस्य पदमा प्रत्यासी भै उम्मेद्वारी दर्ता गरेको सम्बन्धमा जाँचबुझ गर्दा गराउँदा निजामती सेवामा वहाल रहेकै अवस्थामा राजनीतिमा भाग लिन आएको देखिएकोले निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर गरेको आरोपमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम यी पुनरावेदकलाई सेवाबाट हटाउने गरी जिल्ला हुलाक कार्यालय मनाङ्गका हुलाक अधिकृतले मिति २०७१।५।९।२ मा विभागीय सजायको निर्णय गरेको देखियो । राजीनामा स्वीकृत गराई निर्वाचनमा भाग लिनुपर्नेमा प्रक्रियागत त्रुटि अज्ञानताको कारणले भएको हो, सङ्घीय गणतान्त्रिक समाजवादी पार्टी नेपालको दलप्रति आवद्ध भई लमजुङ्ग जिल्लाको अध्यक्ष पदमा रहेको छु भन्ने समेत व्यहोराको यी पुनरावेदकको मिति २०७०।८।२४ को स्पष्टीकरण देखिन्छ । यस सम्बन्धमा पुनरावेदकका कानून व्यवसायी अधिवक्ता श्री कुन्साङ्ग लामाको तत्सम्बन्धी वहस जिकिर एवम् प्रत्यर्थीतर्फबाट रहनु भएका उपन्यायाधिवक्ता श्री रमानाथ पौडेलको वहस समेत सुनी सम्बन्धित मिसिल कागजातको अध्ययन गरी विवादित प्रश्नको निरूपण गर्ने सन्दर्भमा हेर्दा आधुनिक लोकतान्त्रिक कानुनी राज्यमा सार्वजनिक नीति निर्धारण गर्ने कार्य राजनीतिले गर्ने र राजनीतिले संविधान कानून अन्तर्गत निर्धारण गरेका नीति नियम लागू गर्ने गराउने कार्य सार्वजनिक प्रशासनको हुने, राजनीतिक (*political* ) र गैर राजनीतिक ( *Non political*) व्यक्तिहरूको आपसी सहकार्यबाट शासन व्यवस्था सञ्चालन हुने, त्यसमा नीति निर्माणको माथिल्लो तहमा राजनीतिक व्यक्ति हुने र जसको कार्यान्वयन गर्ने जिम्मा गैर राजनीतिक व्यक्ति कर्मचारीमा रहने मान्यता छ । सरकारको राजनीतिक नेतृत्व अस्थायी प्रकृतिको हुने, सरकार समय-समयमा फेरवदल भइरहने तर निश्चित अवधिसम्म कर्मचारी स्थायी हुने कारण कर्मचारीतन्त्रलाई “स्थायी सरकार” पनि भन्ने गरिन्छ । कर्मचारीतन्त्रलाई “डेस्क गभर्न्मेन्ट *(Desk Government)*” पनि भनिन्छ । मुलुकमा असल शासनका निम्ति कर्मचारीतन्त्रको भूमिका महत्वपूर्ण हुन्छ किनकी राजनीतिक तहबाट निर्णय गराउन र त्यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि कर्मचारीतन्त्रकै हुन्छ । कर्मचारीको कार्यक्षमता, असल आचरण, व्यवहार, शीप र साथ साथै व्यवसायिक दक्षताबाट नै सरकारले सफलता र गतिशिलता प्राप्त गर्ने हो । यसैले लोकतन्त्रमा कर्मचारी प्रशासन निष्पक्ष, व्यवसायिक र सक्षम हुनुपर्ने मान्यता छ । यसै मान्यताका आधारमा *म्याक्स वेवर (Max Weber)* ले कर्मचारीतन्त्रका विशेषताहरू वर्णन गर्ने क्रममा - तहगत सोपान, कार्य विवरणको उल्लेखन, योग्यताका आधारमा नियुक्ति, तह अनुसारको मासिक वेतन र निवृत्तिभरण, अनुशासन संहिताबाट आचरणको नियन्त्रण, राजनीतिक रूपमा तटस्थ र निष्पक्षता जस्ता तत्वहरूको उल्लेख गरेका छन् । *म्याक्स वेवर*ले उल्लेख गरेको विशेषताहरूमध्ये कर्मचारीको राजनीतिबाट तटस्थ र निष्पक्ष भूमिकाले नै कर्मचारीप्रति आम सेवाग्राहीको विश्वास रहने मान्यता हो । यसरी कर्मचारीबाट हुने राजनीतिक निष्पक्षताले जनविश्वास ( *public confidence*) श्रृजना गर्ने, राजनीतिज्ञले व्यवसायिक दक्षताका कारण कर्मचारीप्रति विश्वास गर्ने, राजनीतिक निष्पक्षताले उच्च नैतिकता निर्माण गर्न टेवा पुर्‍याउने र अन्तत जनताप्रतिको जवाफदेहिता ( *Accountability*) वृद्धि गर्ने गर्दछ भन्ने मान्यताका आधारमा कर्मचारीको राजनीतिक तटस्थता (*political*

*neutrality*) आवश्यक मानिन्छ । यसरी राज्यको प्रभावकारिताको मापन सार्वजनिक प्रशासनको सक्षमता, सबलता, निष्पक्षतामा निर्भर गर्दछ । सरकारको नीति निर्माण र निर्णय प्रक्रियामा निजामती कर्मचारीले विज्ञता र व्यावसायिकताका आधारमा सहयोग पुऱ्याउँदछन् । निजामती सेवामा अर्न्तनिहित तटस्थता, निष्पक्षता, इमान्दारिता, योग्यता प्रणालीमा आधारित, व्यावसायिकता, निर्वैयक्तिकता जस्ता विशिष्ट विशेषताका कारण यस सेवाभित्र कार्यरत कर्मचारीहरूले निश्चित मूल्य मान्यतासहितका आचरणहरूको पालना गर्नु अनिवार्य हुन्छ । सरकारद्वारा स्वीकृत नीति र कार्यक्रम कार्यान्वयन गर्ने दायित्व र जिम्मेवारी वहन गर्दा त्यस्तो दायित्व र जिम्मेवारीप्रति प्रतिवद्ध *(Committed)* हुनुपर्दछ र राजनीतिक दल वा त्यसको विचारधाराप्रति आवद्ध नभई निष्पक्ष, तटस्थ रहनु पर्दछ भन्ने नै निजामती सेवाको मूल मान्यता रहेको देखिन्छ । निजामती प्रशासनको सञ्चालन र व्यवस्थापन क्षमता र योग्यताका आधारमा गर्ने मान्यतालाई आत्मसात् गर्दै जुनसुकै दलको सरकार आए पनि निजामती कर्मचारीले तटस्थ र निष्पक्ष भई आफ्नो जिम्मेवारी वहन गर्नुपर्दछ भन्ने नै कानूनको मनसाय रहेको देखिन्छ ।

यस सम्बन्धमा विभिन्न मुलुकको तत्सम्बन्धी व्यवस्था अध्ययन गर्दा वेलायतमा त्यहाँको निजामती सेवालाई राजनीतिबाट अलग गरी तटस्थ बनाइएको पाइन्छ । *Constitutional Reform and Government Act,* 2010 अन्तर्गत बनेको *Civil Service Management Code, 2011 को 4.1.3.b मा "Civil servant must not take part in any political or public activity which compromises or might be seen to compromise their impartial service to the government of the day or any future government".* अर्थात निजामती कर्मचारीले कुनै राजनीतिमा वा वर्तमान सरकार वा भावी सरकारलाई दिने सेवाको निष्पक्षतामा आँच आउने कुनै सार्वजनिक क्रियाकलापमा भाग लिन हुँदैन भन्ने व्यवस्था गरेको देखिन्छ । भारतमा सन् १९६८ को राष्ट्र सेवक कर्मचारीहरूको आचरण सम्बन्धी विद्यमान व्यवस्थामा सन् २०१४ मा गठन भएको *"मोदी सरकार"* ले सरकारको नीति नियम र कानून कार्यान्वयन गर्न कर्मचारी राजनीतिक रूपमा निष्पक्ष र तटस्थ हुनु पर्ने कुरामा जोड दिई कुनै पनि राजनीतिक गतिविधि र क्रियाकलापमा कर्मचारीहरू लाग्न नहुने गरी नयाँ कानूनी व्यवस्था गरेको देखिन्छ *(All India Services (Conduct ) Rules, 1968 Amended (08-August -2014) )* । यस्तै व्यवस्था अन्य कतिपय मुलुकहरूले गरेको सन्दर्भलाई हेर्दा सार्वजनिक प्रशासनमा संलग्न कर्मचारी राजनीतिक रूपमा निष्पक्ष र तटस्थ हुनुपर्ने मान्यता देखिन्छ ।

नेपालमा २००७ सालको राजनीतिक परिवर्तन पश्चात् सार्वजनिक प्रशासनलाई सक्षम, सरल, पहुँचयोग्य, जनउत्तरदायी, निष्पक्ष र पारदर्शी बनाउने क्रममा समय-समयमा प्रशासन सुधारका प्रयासहरू हुँदै आएको सिलसिलामा २००९ सालमा गठित **प्रशासनिक पुनर्गठन समिति (बुच कमिशन**) र **प्रशासन पुनर्गठन योजना आयोग, २०१३** ले निजामती सेवालाई निष्पक्ष, तटस्थ बनाउनका लागि राजनीतिबाट अलग राख्नुपर्ने पर्ने मान्यता राखेको पाइन्छ । यस्तै **प्रशासन सुधार आयोग २०२५** ले निजामती सेवालाई तटस्थ, निष्पक्ष बनाउन निजामती कर्मचारीलाई राजनीतिबाट अलग राख्ने सिफारिस गरेको र २०४६ सालको राजनीतिक परिर्वतन पश्चात् गठन भएको **प्रशासन सुधार आयोग, २०४८, सार्वजनिक प्रशासनको २५ वर्षे गुरूयोजना, २०५५, प्रशासन पुनःसंरचना आयोगको प्रतिवेदन २०६५, प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन, २०७०** समेतले निजामती सेवालाई सक्षम, निष्पक्ष, तटस्थ पहुँचयोग्य, जनउत्तरदायी, पारदर्शी बनाउनका लागि सिफारिस गरेका विभिन्न सुझावहरूमा निजामती कर्मचारीलाई राजनीतिबाट अलग गर्ने, निजामती कर्मचारीले राजनीतिमा भाग लिन नहुने भन्ने समेत मान्यतालाई आत्मसात् गरेको देखिन्छ ।

निजामती सेवा ऐन, २०४९ को प्रस्तावनामा निजामती सेवालाई बढी सक्षम सुदृढ सेवामूलक र उत्तरदायी बनाउन निजामती सेवाको गठन संचालन र सेवाको शर्त सम्बन्धी व्यवस्था गर्न उक्त ऐन जारी भएको भन्ने उल्लेख भएबाट नेपालको निजामती सेवा राजनीतिक रूपमा तटस्थ भई जनतालाई सेवा प्रदान गर्ने मान्यतामा प्रतिबद्ध हुनुपर्ने देखिन्छ । त्यस्तै ऐनको परिच्छेद ७ (सात) मा निजामती कर्मचारीले पालना गर्नुपर्ने

विभिन्न पदीय आचरणहरू तोकिएको छ । जस अन्तर्गत दफा ४४ मा निजामती कर्मचारीले राजनीतिमा भाग लिन हुँदैन भनी निजामती कर्मचारीलाई राजनीतिबाट अलग गरी निजामती सेवालाई तटस्थ र निष्पक्ष सेवाको रूपमा स्वीकार गरेको छ । उक्त आचरण पालना नगरी राजनीतिमा भाग लिएमा त्यस्तो कर्मचारीलाई सेवाबाट हटाउन सकिने व्यवस्था सोही ऐनको दफा ६१ को उपदफा (१)को खण्ड (ङ) ले गरेको देखिन्छ । त्यसैगरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ६ ले समेत प्रशासनिक कार्य संचालन गर्दा त्यस्तो कार्यसम्पादन गर्ने अधिकारीले प्रचलित कानूनमा व्यवस्था भएका कुराहरूको अतिरिक्त प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता समेतका आधारमा कार्य सम्पादन गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी सुशासन ( व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १३ ले सार्वजनिक पद धारण गरेको व्यक्तिले पालना गर्नुपर्ने पेशागत आचरण अन्तर्गत राजनीतिक प्रभाव पार्न नहुने, राजनीतिक दलको सदस्यको रूपमा कार्य गर्न नहुने, निर्वाचनमा कुनै राजनीतिक दलको प्रचार प्रसार गर्न, समर्थक भई भाग लिन नहुने समेतका आचरण उल्लेख गरेको देखिन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा २३ को उपदफा (२) को खण्ड (ग) बमोजिम नेपाल सरकारले मिति २०६५।११।१९ मा जारी गरेको निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ ले निजामती कर्मचारीको पदीय आचरण सम्बन्धी विभिन्न व्यवस्था गरेको देखिन्छ । जसअनुसार सो नियमावलीको नियम १२ ले निजामती कर्मचारी कुनै राजनीतिक पदाधिकारीको व्यक्तिगत, व्यावसायिक वा राजनीतिक इच्छालाई प्रवर्द्धन गर्ने क्रियाकलापमा संलग्न हुनु नहुने, निजामती कर्मचारीले कुनै पनि राजनीतिक दल, तिनहरूका भातृ संगठन वा कुनै दलको नेताको समर्थन वा विरोधमा कुनै विचार व्यक्त गर्न वा त्यसमा कसैलाइ समर्थन वा विरोध गर्नको लागि प्रभाव पार्न नहुने, निजामती कमचारीले अफ्नो पदीय जिम्मेवारी पूरा गर्दा पूर्णरूपमा राजनीतिक तटस्थता कायम गर्नुपर्ने जस्ता व्यवस्था गरी निजामती कर्मचारीको पदीय आचरणमा राजनीतिक तटस्थताको सिद्धान्तलाई स्वीकार गरेको देखिन्छ ।

यस पृष्ठभूमिमा प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा यी पुनरावेदकले आफ्नो पदबाट राजीनामा दिएको र सो राजीनामा स्वीकृत नगरेको कारणबाट दोषी करार हुने होइन भन्ने समेतको जिकिर लिएको देखिंदा कानूनतः पदबाट मुक्त हुन राजीनामाको निवेदन दिएर मात्र पुग्ने अवस्था नभई राजीनामा स्वीकृतसम्बन्धी कार्यविधि पूरा गरेपछि मात्र पदीय दायित्वबाट छुटकारा पाउन हुँदा राजीनामा दिएको भन्ने आधारमा मात्र पद मुक्ति भएको मान्न सकिने अवस्था देखिन्न । प्रस्तुत मुद्दामा यी पुनरावेदकले आफ्नो स्पष्टीकरणमा आफू संघीय गणतान्त्रिक समाजवादी पार्टी नेपालको दलप्रति आबद्ध भई लमजुङ्ग जिल्लाको जिल्ला अध्यक्ष पदमा रहेको भनी स्पष्टीकरण दिएको र मिति २०७०।८।४ मा हुने संविधानसभाको निर्वाचनमा लमजुङ्ग क्षेत्र नं. २ बाट प्रत्यक्षतर्फ संघीय गणतान्त्रिक समाजवादी पार्टी नेपालको राजनीतिक दलको उम्मेद्वार भई उम्मेद्वारी दर्ता गरेको भन्ने समेत उल्लेख गरेको देखिँदा निजले निजामती सेवामा कार्यरत रहेको अवस्थामा नै राजनीतिक दलप्रति आबद्ध भई संविधानसभाको निर्वाचनमा राजनीतिक दलको तर्फबाट उम्मेद्वारी दर्ता गराएको देखिएको हुँदा निजले राजनीतिमा भाग नलिएको भन्ने अवस्था देखिएन । मनोनयन दर्ता गराउँदैमा राजनीतिमा भाग लिएको भन्न नमिल्ने भन्ने पुनरावेदकको जिकिर मनासिब मान्न सकिन्न । राजनीतिमा भाग लिने इच्छा भएमा राजीनामा स्वीकृत गराई राजनीतिमा संलग्न हुनुपर्नेमा राजीनामा स्वीकृत नगराई मनोनयपत्र दर्ता गरेको कार्यलाई राजनीतिमा भाग नलिएको भन्न सक्ने अवस्था देखिन्न । अतः यी पुनरावेदकले राजीनामा स्वीकृत नगराई आफू निजामती सेवाको पदमा वहाल रहँदाकै अवस्थामा राजनीतिमा भाग लिएको अवस्था हुँदा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ४४ ले निजामती कर्मचारीले राजनीतिमा भाग लिन नहुने गरी कानूनद्वारा रोक लगाएको अवस्थामा निजले सो कानूनी व्यवस्थाको उल्लघंन गरेको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को (१) को खण्ड (ङ) को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम जिल्ला हुलाक कार्यालय, मनाङ्गका हुलाक अधिकृतले कानूनको रीत पुऱ्याई मिति २०७१।५।९ मा यी पुनरावेदकलाई

सेवाबाट हटाउने गरी गरेको विभागीय सजायको निर्णय कानूनसम्मत नै देखिँदा सदर हुने ठहर्छ । यो फैसलाको जानकारी लोकसेवा आयोग, पुनरावेदक, सम्बन्धित मन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिई मिसिल नियमानुसार बुझाई दिनू ।

.....................................

(काशीराज दाहाल)
अध्यक्ष

उक्त रायमा सहमत छौं ।

.......................................
(ङइन्दप्रसाद उपाध्याय)
सदस्य

.......................................
(कुमार योञ्जन तामाङ्ग)
सदस्य

इति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् .......................................

४. शेरसिंह ठगुन्ना विरुद्ध वन तथा भू-संरक्षण मन्त्रालय समेत

# प्रशासकीय अदालत

## इजलास

**श्री काशीराज दाहाल.............. अध्यक्ष**
**श्री कुमार योञ्जन तामाङ्ग ....... सदस्य**
**श्री डइन्द्र प्रसाद उपाध्याय ....... सदस्य**

## फैसला

सम्वत् २०७१ सालको पु.वे.नं.......... ७

**मुद्दा :-विभागीय सजाय ।**

| | | |
|---|---|---|
| जिल्ला वैतडी दशरथचन्द न.पा.वडा नं १ घर भई हाल राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बबरमहलमा रा.प.द्वितीय तहमा कार्यरत शेरसिंह ठगुन्ना ................. | १ | पुनरावेदक पक्ष |

**विरूद्ध**

| | | |
|---|---|---|
| वन तथा भू-संरक्षण मन्त्रालय .................................................................... | १ | प्रत्यर्थी विपक्षी |
| सचिव, वन तथा भू-संरक्षण मन्त्रालय ......................................................... | १ | |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, काठमाडौं .................................. | १ | |

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र निर्णय यसप्रकार छ :-

अपिनाम्पा संरक्षण क्षेत्र आयोजना कार्यालय र जिल्ला वन कार्यालय, दार्चुलाबाट विभिन्न आखेटोपहारहरू लिई बाटामा ती आखेटोपहारहरू लुटि लिएको भनी मिति २०७०।३।३ मा निवेदन दिए बमोजिम विभागबाट खटिएको छानविन टोलीले त्रुटिहरू औंल्याई प्रतिवेदन दिएको हुँदा तपाई जस्तो जिम्मेवार कार्यालय प्रमुखबाट त्यस्ता गम्भिर एवं गैह्रकानूनी कार्यहरू किन र कसरी हुन गएको हो ? सो समेत स्पष्ट हुने गरी आफैले लेखेको मिति २०७०।२।३१ को पत्र समयमा विभागमा फ्याक्स नगरी मिति २०७०।३।९ गते मात्र फ्याक्स गर्नुको कारण के हो ? विभागलाई बोधार्थसम्म नदिएको र सुरक्षा निकायलाई समेत सहयोग नमागिएको जिल्ला वन कार्यालय, दार्चुलाको मिति २०७०।२।३१ को पत्रको मात्र आधारमा किन र कसरी आखेटोपहार जस्तो संवेदनशील वस्तु जिम्मा लिनु भएको हो ? यसको कानूनी आधार के छ ? अन्य कर्मचारीहरूको समेत सहयोग लिई मौकामा सिलवन्दी मुचुल्का गर्ने कार्य र सुरक्षा निकायलाई जानकारी दिई सहयोग माग गर्ने कार्य किन नगर्नु भएको हो ? कार्यालयमा अन्य कर्मचारीहरू समेत हुँदाहुँदै एकजना सवारी चालक मात्र लिई एक्लै रातको समयमा असुरक्षित तरिकाले किन आखेटोपहार लिई हिड्नु भएको हो ? तपाईले उल्लेख गरे बमोजिम कर्णाली देखिनै मोटरसाइकलहरूले पिछा गरेको जानकारी हुँदा हुँदै बाटामा पर्ने वर्दिया राष्ट्रिय निकुञ्जदेखि विभिन्न सुरक्षा निकाय पोष्टहरूमा किन जानकारी नै नगराई रातिमा एक्लै हिडनु भएको हो ? चित्त बुझ्दो स्पष्टीकरण तयार गरी बाटाको म्याद बाहेक ३ (तीन) दिनभित्र पेश गर्नु होला भन्ने समेत व्यहोराको मिति २०७०।३।१० मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागले यी पुनरावेदकलाई स्पष्टीकरण पेश गर्न लेखेको पत्र ।

अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयले मिति २०७०।२।३१ को पत्र चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरालाई संवोधन गरी बरामदी सामान सालकको खपडा ४० किलो बुझाउन पत्र लेखिएको समयमा नै सोको बोधार्थ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पठाइएको छ । म मिति २०७०।३।१ गते विहान करिब

५:०० बजे दार्चुलाबाट चितवनका लागि हिडी सकेको र सो पत्र विभागले माग गर्दा अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय, दार्चुलाले पठाएको हो । उक्त मितिमा म कपिलवस्तु जिल्लामा थिएँ । सुरक्षा अधिकृत, लेखापाल र रेन्जर बाबुराम मिजार, म र ड्राइभरसहितको पाँच जना चितवनसम्म आउने योजना भएकोमा सुरक्षा निकायलाई सहयोगका लागि अनुरोध नगरिएको हो । सालकको खपडा (कत्ला) ४० किलोग्राम बुझाउनका लागि चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा ल्याउने सिलसिलामा जिल्ला वन कार्यालय, दार्चुलाले भण्डारणको लागि सशस्त्र तालिम केन्द्र, टिकौली चितवनलाई मिति २०७०।२।३१ मा पत्राचार गरी जिल्ला वन कार्यालयले आफ्नो पिकअप बा.१ झ ५०८५ नम्बरको गाडी पठाएको हो र मैले बाघको छाला थान ३, चितुवाको थान १, रतुवाको छाला थान १० बुझी सालकको खपडा ४० किलो लोड गरी चितवनतर्फ सम्बन्धित कार्यालयमा बुझाउन लगिएको हो र एक कार्यालयले अर्को कार्यालयलाई सहयोग गर्ने भनी उक्त सामान बुझिलिएको हुँ । वन तथा भू-संरक्षण मन्त्रालयभित्रको सरकारी कार्यालयको पत्रलाई नै कानूनी आधार मानी उक्त कार्य गरेको हो । सालकको कत्ला जिल्ला प्रहरी कार्यालय, दार्चुलामा सुरक्षित राखिएकोमा मिति २०७०।२।३१ का दिन पत्राचार गरी करिब ३ बजेतिर चार बोरामा सिलबन्दी अवस्थामा रहेको अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयका क.अ. र सिनियर गेमस्काउटले ल्याई कार्यालयमा राखेकोमा भोलीपल्ट सोही अवस्थामा बा. १ झ ५०८५ नं.को पिकअपमा लोड गरेको हो । एकातिर अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयमा कर्मचारीको अभाव भएको व्यहोरा विभाग समक्ष पटक पटक अनुरोध गरिएको र एक जना कार्यालय प्रमुख, सहायक संरक्षण अधिकृत १, कम्प्यूटर अपरेटर १ र सिनियर गेमस्काउट १ मात्र रहेको अवस्था रहेको, ना.सु. नागरिकता टोलीमा खटिएको तथा जिल्ला वन कार्यालयका प्रमुखसहित अन्य तीन जना कर्मचारी खटिएकोमा राति ३ बजे मेरो जिम्मा लगाई जिल्ला वन अधिकृत समेत नआउँदा राति एक्लै आउने परिस्थिति श्रृजना भएको हो । मिति २०७०।२।२६ को फैसलाले सालकको कत्ला भण्डारणको लागि चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा चितवनमा पठाउने निर्णय राष्ट्रिय निकुञ्ज तथा वन जंगल संरक्षण ऐन, २०२९ को दफा २८ बमोजिम भएको हुँदा सो दशीको सामान कर्मचारीको अभाव हुँदा र म काठमाडौं आउनु पर्ने तथा सरकारी खर्च कम गर्न मितव्ययिता अपनाएको हो । कर्णाली चिसापानीमा एक जनाले हाम्रो पिकअप रोकी नेपालगंज जानुहुन्छ कि भनी सोधेकोमा हामीले नजाने भनेका थियौ र वर्दिया राष्ट्रिय निकुञ्ज लगायतका विभिन्न सुरक्षा पोष्टमा चेकजाँचका क्रममा सोद्धा जिल्ला वनको गाडी हो सरकारी सामान हो भनी जवाफ दिएका थियौ र अगाडी बढ्ने कार्य गरेका थियौ भन्ने समेत व्यहोराको यी पुनरावेदकले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा मिति २०७०।३।१२ मा पेश गरेको स्पष्टीकरण ।

अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय र जिल्ला वन कार्यालय, दार्चुलाबाट विभिन्न आखेटोपहारहरू ( सालकको खपेटा ४० केजी. लगायत बाघको छाला थान-३, चितुवाको छाला थान-१ र रतुवाको छाला थान-१० गरी जम्मा थान-१४) लिई चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा आउँदा बाटामा ती आखेटोपहारहरू लुटि लगेको भनी मिति २०७०/३/३ मा निवेदन दिए बमोजिम विभागबाट खटिएको छानविन टोलीले त्रुटिहरू औंल्याई प्रतिवेदन दिएको हुँदा तपाईले के कति कारणले आफनो जिम्मेवारी पूरा नगर्नु भएको हो ? जिम्मेवारी पूरा नगर्नुको कुनै कारण भए सो समेत खुलाई तपाईले मिति २०७०।३।१२ मा पेश गर्नु भएको स्पष्टीकरणबाट चित्त बुझ्दो जवाफ नआएको हुँदा थप पुनः स्पष्ट पार्नु हुनका लागि ७ (सात) दिनको अवधिभित्र स्पष्टीकरण पेश गर्नुहुन जानकारी गराईन्छ भन्ने समेत व्यहोराको मिति २०७०।३।२४ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागले यी पुनरावेदकलाई पुनः स्पष्टीकरण पेश गर्न लेखेको पत्र ।

अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयले मिति २०७०।२।३१ को पत्र चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरालाई सम्वोधन गरी बरामदी सामान सालकको खपडा ४० किलो बुझाउन पत्र लेखिएको समयमा नै सोको वोधार्थ पत्र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पठाएका थियो । म मिति २०७०।३।१ गते विहान करिब ५ बजे दार्चुलाबाट चितवनका लागि हिडी सकेको र सो पत्रको बारेमा विभागको मिति २०७०।३।७ गते

दिन माग गर्दा अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय, दार्चुलाले सोही दिन फ्याक्स गरेकोमा महानिर्देशक समक्ष आषाढ ९ गतेका दिन पेश भएको छ । जिल्ला वन कार्यालय, दार्चुलाको आखेटोपहार बाघको छाला थान-३, चितुवाको छाला थान-१, र रतुवाको छाला थान-१०, गरी जम्मा १४ कुन कानूनी आधारमा बुझि लिनुभएको हो ? जिल्ला वन कार्यालय दार्चुलाको मिति २०७०।२।३१ को पत्रबाट सशस्त्र तालिम केन्द्र टिकौली, चितवनमा पत्राचार गरी उक्त सामान बुझाई भरपाई जिल्ला वन कार्यालय दार्चुलामा पेश गर्न मलाई बुझाएको पत्र संलग्न छ । अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयले मिति २०७०।२।३१ को पत्रद्वारा जिल्ला प्रहरी कार्यालय दार्चुलामा रहेको सालकको कत्ला ४० किलो ग्राम पठाई दिन पत्र लेखिएकोमा जिल्ला प्रहरी कार्यालय दार्चुलाले सोही दिन च.नं २३४८ को पत्रसाथ जिल्ला प्रहरी कार्यालय दार्चुलामा सिलबन्दी अवस्थामा नै रहेको, कम्प्यूटर अपरेटर पदमराज भट्ट र सिनियर गेमस्काउट प्रेमबहादुर खत्री हस्ते प्राप्त गरिएको पत्रहरू संलग्न गरिएको छ । दार्चुलास्थित सुरक्षा निकायबाट सहयोग माग गर्ने कार्य किन नगर्नु भएको हो भन्ने सन्दर्भमा जिल्ला वन अधिकृत रामप्रसाद पण्डित, लेखापाल गजेन्द्र जोशी र रेन्जर बाबुराम मिजार, म र ड्राइभर पदमसिंह विष्टसहितको पाँच जना चितवन आउने योजना भएको र उक्त प्रयोग गरिएको पिकअप बा.१ झ. ५०८५ मा ठाउँका अभाव हुने हुँदा सुरक्षा निकायलाई थप सहयोगको लागि अनुरोध नगरिएको हो । प्रहरी हवल्दार गोपालप्रसाद भारतीको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी जिल्ला हुम्ला लिमी गा.वि.स. घर भई जिल्ला दार्चुला, व्यास गा.वि.स. वडा नं ४ गागामा होटल संचालन गरी बस्ने थाक्च्योत तामाङ्ग समेत भएको अबैध तरिकाले आखेटोपहार ओसार पसार गऱ्यो भन्ने मुद्दाको मिति २०७०।२।२६ गतेका दिन फैसला भए अनुसार थाक्च्योत तामाङ्गलाई १० वर्ष कैद र ७५,०००।०० जरिवाना तथा राष्ट्रिय निकुञ्ज तथा बन जंगल संरक्षण ऐन, २०२९ को दफा २८ अनुसार बरामद दशी ४० किलो ग्राम सालकको कत्ला जफत र भण्डारणको लागि चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा चितवन पठाउने निर्णय भएको छ । जिल्ला वन अधिकृत समेत ५ जना उक्त परिमाणको सामान बुझाउन जाने योजना हुँदा अन्य कर्मचारी खटाउन नसकिएको परिस्थिति हो । सवारी चालक पदम सिंह विष्ट र म शेरसिंह ठगुन्ना गरी दुई जना मिति २०७०।३।१ गतेका दिन विहान करिब ५ बजे सामान लिई बा. १ झ. ५०८५ नं. को पिकअप गाडीद्वारा चितवनको लागि हिंडेका थियौ । सोही दिन साँझ कैलाली धनगढीमा बहिनीको घरमा बास बसेका थियौं । भोलीपल्ट नेपाल बन्द भएका कारण मिति २०७०।३।२ गते क्षेत्रीय वन निर्देशनालय, धनगढी बैठकमा ४ बजेसम्म सहभागी भई सोही दिन साझ ५ बजे बन्द खुलेको थाहा पाएपछि चितवनतिर गएका हौं । जिल्ला वन कार्यालयबाट पटकपटक गाडी चाँडै फकार्उने सवारी चालकलाई जिल्ला वन कार्यालयबाट आदेश गरिएकोले चाँडै फकिर्नु पर्ने अवस्थाका कारण रातको समयमा जानु परेको व्यहोरा अनुरोध छ । कर्णाली चिसापानीमा एक जनाले हाम्रो पिकअप रोकी नेपालगंज जानुहुन्छ कि भनी सोधेको थियो । हामीले नजाने भनेका थियौ । मुसलधारे पानी परेको समय भएकाले बाईकको नम्वर टिप्न नसकेको हो । निजहरूले लुटपाट गर्छन् भन्ने कुनै किसिमको आशंका समेत नभएको अवस्थामा मोटरवाइकको नम्वर टिप्ने सोचसम्म भएन, सो वखत वर्दिया राष्ट्रिय निकुञ्ज भएर पश्चिमबाट पूर्व गएका बाइकहरूको नम्वर संलग्न गरिएको छ । आवश्यक अनुसन्धान गरिदिन हुन अनुरोध गर्दछु । वर्दिया राष्ट्रिय निकुञ्ज लगायतका विभिन्न सुरक्षा पोष्टमा चेक जाँचका क्रममा सोधनी हुँदा जिल्ला वनको गाडी हो सरकारी सामान हो भनी जवाफ दिएका थियौं र अगाडी बढ्ने कार्य गरेका थियौं । राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागको मिति २०७०।४।१ का पत्रमा २०७०।३।२४ गते सोधिएको स्पष्टीकरणको जवाफ नआएको भनी मलाई विभाग हाजिर हुन आदेश गरिएकोमा विभागमा उपस्थित भएको छु । तर सो मिति र पत्र मैले मिति २०७०।४।४ गते मात्र प्राप्त गरी जवाफ पेश गरेको व्यहोरा अनुरोध गर्दछु भन्ने समेत व्यहोराको मिति २०७०।४।६ मा यी पुनरावेदकले पेश गरेको पुनः स्पष्टीकरण ।

अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय र जिल्ला वन कार्यालय, दार्चुलाबाट विभिन्न आखेटोपहारहरू लिई बाटामा ती आखेटोपहारहरू (सालकको खपेटा ४० के.जी. लगायत बाघको छाला थान-३, चितुवाको छाला थान-१ र रतुवाको छाला थान-१० गरी जम्मा थान-१४) लिई चितवन राष्ट्रिय निकुञ्ज, कार्यालय कसरा

आउँदा बाटामा ती आखेटोपहारहरू लुटि लगेको भनी मिति २०७०।३।३ मा निवेदन दिए बमोजिम विभागबाट खटिएको छानविन टोलीले तपाई आफैले लेखेको मिति २०७०।२।३१ को पत्र विभागमा फ्याक्स नगरी तपाई मिति २०७०।३।९ गते मात्र फ्याक्स गर्नुको कारण के हो ? टोलीले त्रुटिहरू औंल्याई प्रतिवेदन दिएको हुँदा तपाईले के कति कारणले आफ्नो जिम्मेवारी पूरा नगर्नु भएको हो ? भनी सोधिएकोमा तपाईले मिति २०७०।३।१२ मा पेश गर्नु भएको स्पष्टीकरणबाट चित्त बुझ्दो जवाफ नआएको हुँदा थप पुनः स्पष्ट पार्नु हुनका लागि ७(सात) दिनको अवधिभित्र स्पष्टीकरण पेश गर्नुहुन जानकारी गराइन्छ भन्ने समेत व्यहोराको यी पुनरावेदकलाई मिति २०७०।४।१३ मा पुनः स्पष्टीकरण पेश गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागले लेखेको पत्र ।

अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयले मिति २०७०।२।३१ को पत्र चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरालाई सम्वोधन गरी बरामदी सामान सालकको खपडा ४० किलो बुझाउन पत्र लेखिएको समयमा नै सो को वोधार्थ पत्र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पठाएका थियो । म मिति २०७०।३।१ गते विहान करिब ५ बजे दार्चुलाबाट चितवनका लागि हिडी सकेको र सो पत्रको बारेमा विभागको मिति २०७०।३।७ गते दिन माग गर्दा अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय, दार्चुलाले सोही दिन फयाक्स गरेकोमा महानिर्देशक समक्ष आषाढ ९ गतेका दिन पेश भएको छ । जिल्ला वन कार्यालय दार्चुलाको आखेटोपहार बाघको छाला थान-३, चितुवाको छाला थान-१, र रतुवाको छाला थान १० गरी जम्मा १४ कुन कानूनको आधारमा बुझि लिनु भएको हो ? भन्ने सन्दर्भमा जिल्ला वन कार्यालय दार्चुलाको मिति २०७०।२।३१ को पत्रबाट सशस्त्र तालिम केन्द्र टिकौली चितवनमा पत्राचार गरी उक्त सामान बुझाई भरपाई जिल्ला वन कार्यालय दार्चुलामा पेश गर्न मलाई बुझाएको पत्र संलग्न छ । अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयले मिति २०७०।२।३१ को पत्रद्वारा जिल्ला प्रहरी कार्यालय दार्चुलामा रहेको सालकको कत्ला ४० किलो ग्राम पठाई दिन पत्र लेखिएकोमा जिल्ला प्रहरी कार्यालय दार्चुलाले सोही दिन च.नं २३४८ को पत्रसाथ जिल्ला प्रहरी कार्यालय दार्चुलामा सिलबन्दी अवस्थामा नै रहेको, कम्प्यूटर अपरेटर पदमराज भट्ट र सिनियर गेमस्काउट प्रेमबहादुर खत्री हस्ते प्राप्त गरिएको पत्रहरू संलग्न गरिएको छ । दार्चुलास्थित सुरक्षा निकायबाट सहयोग माग गर्ने कार्य किन नगर्नु भएको हो भन्ने सन्दर्भमा जिल्ला वन अधिकृत रामप्रसाद पण्डित, लेखापाल गजेन्द्र जोशी र रेन्जर बाबुराम मिजार, म र ड्राइभर पदमसिंह विष्ट सहितको पाँच जना चितवन आउने योजना भएको र उक्त प्रयोग गरिएको पिकअप बा.१ भ. ५०८५ मा ठाँउको अभाव हुने हुँदा सुरक्षा निकायलाई थप सहयोगको लागि अनुरोध नगरिएको हो । प्रहरी हवल्दार गोपालप्रसाद भारतीको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी जिल्ला हुम्ला लिमी गा.वि.स. घर भई जिल्ला दार्चुला व्यास गा.वि.स. वडा नं ४ गागामा होटल संचालन गरी बस्ने थाक्च्योत तामाङ्ग समेत भएको अबैध तरिकाले आखेटोपहार ओसार पसार गर्‍यो भन्ने मुद्दाको मिति २०७०।२।२६ गतेका दिन फैसला भए अनुसार थाक्च्योत तामाङ्गलाई १० वर्ष कैद र ७५,०००।०० जरिवाना तथा राष्ट्रिय निकुञ्ज तथा बन जंगल संरक्षण ऐन, २०२९ को दफा २८ अनुसार बरामद दशी ४० किलो ग्राम सालकको कत्ला जफत र भण्डारणको लागि चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा चितवन पठाउने निर्णय भएको छ । जिल्ला वन अधिकृत समेत ५ जना उक्त परिमाणको सामान बुझाउन जाने योजना हुँदा अन्य कर्मचारी खटाउन नसकिएको परिस्थिति हो । सवारी चालक पदमसिंह विष्ट र म शेरसिंह ठगुन्ना गरी दुई जना मिति २०७०।३।१ गतेका दिन विहान सामान लिई बा. १ भ. ५०८५ नं. को पिकअपद्वारा चितवनको लागि हिँडेका थियौ । भोली पल्ट नेपाल बन्द भएका कारण मिति २०७०।३।२ गते क्षेत्रीय वन निर्देशनालय, धनगढी बैठकमा ४ बजेसम्म सहभागी भई सोही दिन साँझ ५ बजे बन्द खुलेको थाहा पाएपछि चितवन तिर गएका हौं । जिल्ला वन कार्यालयबाट पटकपटक गाडी चाँडै फकाउन सवारी चालकलाई जिल्ला वन कार्यालयबाट आदेश गरिएकोले चाँडै फर्किनु पर्ने अवस्थाका कारण रातको समयमा जानु परेको र थप तथ्यका लागि जिल्ला वन कार्यालयलाई सोधनी गरिदिन हुन अनुरोध

छ भन्ने समेत व्यहोराको मिति २०७०।४।१५ मा यी पुनरावेदकले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा तेस्रो पटक पेश गरेको स्पष्टीकरण ।

अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयको सालकको खपेटा (कत्ला) ४० के.जी. समेत बुझिलिई सुरक्षित भण्डारण गर्न दार्चुला जिल्लाबाट चितवनतर्फ जिल्ला वन कार्यालय, दार्चुलाको बा. १ भ ५०८५ नं.को पिकअपमा राखी आउँदा कपिलबस्तु जिल्लाको शिवपुर चोरखोलामा अज्ञात समूहले मोटरसाइकल तेर्साई पेस्तोल देखाई उक्त सामानहरू लुटि लगेको सन्दर्भमा विभागबाट खटिएको छानविन टोलीले दिएको प्रतिवेदन अनुसार तपाईले गर्नु भएको त्रुटिहरूको सम्बन्धमा विभागको मिति २०७०।३।१०, मिति २०७०।३।२४ तथा २०७०।४।१३ समेतको पत्रद्वारा स्पष्टीकरण माग गर्दा तपाईले पेश गर्नु भएको कुनैपनि स्पष्टीकरणका जवाफ सत्यतथ्यमा आधारित तथा सन्तोषजनक नदेखिंदा तपाईले निजामती सेवा ऐन, २०४९ को दफा ६० को (क) र (घ) बमोजिमको कसूर गर्नु भएको देखिन आएकोले उपरोक्त कसूरमा तपाईलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) को देहाय (२) बमोजिम दुई तलव वृद्धि रोक्का गर्ने कारवाही किन नगर्ने ? उक्त कारवाही गर्नु नपर्ने कुनै ठोस  आधार, प्रमाण र कारण भए पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र ठोस आधार, प्रमाण र कारणसहित खुलाई ऐनको दफा ६६ बमोजिम सफाई पेश गर्नु हुन मिति २०७०।४।३० को विभागीय निर्णयानुसार अनुरोध गरिन्छ भन्ने समेत व्यहोराको यी पुनरावेदकलाई मिति २०७०।४।३० मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले स्पष्टीकरणसहित सफाई पेश गर्ने वारे लेखेको पत्र ।

मैले सरकारी काम इमान्दारी, बफादारितापूर्वक सम्पादन गर्ने सिलसिलामा अज्ञात डाँकाहरूको समूहले सरकारी सामान एवम् व्यक्तिगत सामान समेत लुटेर फरार भएकोले मैले जिल्ला प्रहरी कार्यालय कपिलवस्तु अन्तर्गत वडा प्रहरी कार्यालय चन्द्रौटामा तुरून्तै मिति २०७०।३।२ गते राती २:२०  मा घटना विवरण दर्ता गराएको थिएँ र उक्त सामान बरामद गरी जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जिल्ला वन कार्यालय मार्फत सशस्त्र तालिम केन्द्र टिकौली चितवनमा मिति २०७०।३।७ को पत्रबाट बुझाई सकेको हुँदा, विभागको मिति २०७०।४।३० को पत्रबाट निजामती सेवा ऐन, २०४९ को दफा ६० को (क) र (घ) बमोजिम कसूर तोकिएकोमा असल नियतबाट कार्यालयको काम कारवाही तथा जिम्मेवारी वहन गर्दागर्दै म माथि ऐनको दफा ६० को (क) र (घ) अनुसारको कसूर गरेको ठहराई निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) बमोजिम दुई तलव वृद्धि रोक्का नगर्न हुन अनुरोध गर्दछु । मैले कार्यालयको कर्मचारी संख्याको अवस्था, जिल्ला वन कार्यालयका कर्मचारी गरी पाँचजना आउने योजना, सरकारी खर्चमा मितव्ययिता अपनाउने, आखेटोपहार व्यवस्थापन गर्नु पूर्व टेलिफोन मार्फत महानिर्देशक र क्षेत्रीय वन निर्देशकलाई जानकारी गराएको, जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट पत्राचार गरी सिलबन्दी अवस्थामा सामान हुनु, डाँकाहरूले लुटेको सामान प्रहरीले बरामद गरी जिल्ला वन कार्यालय, कपिलवस्तु मार्फत सशस्त्र तालिम केन्द्र टिकौलीमा बुझाउनु जस्ता प्रमाणहरूले गर्दा मैले निजामती सेवा ऐन, २०४९ को दफा ६० को (क) र (घ) बमोजिमको कसूर गरेको नठहरिने हुँदा निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क) बमोजिम दुई तलव वृद्धि रोक्का नगरी मलाई सफाइ पाउन अनुरोध गर्दछु भन्ने समेत व्यहोराको यी पुनरावेदकले मिति २०७०।५।४ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा स्पष्टीकरणसहित सफाई पेश गरेको पत्र ।

अपिनाम्पा संरक्षण क्षेत्रको प्रमुख संरक्षण अधिकृत पदमा कार्यरत रहनु भएको अवस्थामा सुरक्षित भण्डारण गर्न भनी आफैले जिम्मा लिई सुरक्षित भण्डारण गर्न चितवनतर्फ लिई हिंडेको आखेटोपहार (दुर्लभ वन्यजन्तुको छाला १४ थान र ४० के.जी. सालकको खपटा) बाटैमा लुटिएको सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को दफा ६० को (क) र (घ) अनुसारको कसूरमा सोही ऐनको दफा ५९ (क) को देहाय (२) बमोजिम विभागीय सजाय किन नगर्ने ? गर्नु नपर्ने कुनै आधार र कारण भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निजामती सेवा ऐन, २०४९ बमोजिम सफाई पेश गर्नु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।७।१० को निर्णयानुसार सूचना प्रकाशित गरिएको छ । म्यादभित्र सन्तोषजनक सफाई पेश हुन नआएमा

नियमानुसार कारवाही प्रक्रिया अघि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ भन्ने समेत व्यहोराको मिति २०७०।८।१३ मा वन तथा भू-संरक्षण मन्त्रालयले यी पुनरावेदकलाई सफाई पेश गर्ने वारे गोरखापत्रमा प्रकाशित सूचना ।

मिति २०७०।८।१३ मा गोरखापत्रमा प्रकाशित सूचना बमोजिम ममाथि विभागीय कारवाही नगरियोस् भनी सफाई पेश गरी अनुरोध गर्दछु । अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयको सालकको कत्ला ४० केजी र जिल्ला वन कार्यालय दार्चुलामा रहेको विभिन्न वन्यजन्तुको छाला थान १४ सशस्त्र तालिम केन्द्र चितवन राष्ट्रिय निकुञ्जमा बुझाउन ल्याउँदा अज्ञात समूह (५जना) ले कपिलवस्तु जिल्लाको शिवपुर गा.वि.स. वडा नं १ चोरखोलामा लुटी लगेको र सोको जानकारी तत्कालै मिति २०७०।४।२ राती २:०० बजे तिर इलाका प्रहरी कार्यालय चन्द्रौटामा दिई खोजतलास गर्दा बाघको छाला थान ३, चितुवाको छाला थान १ र सालकको कत्ला ३ केजी फेला पारी जिल्ला वन कार्यालय कपिलवस्तु मार्फत सशस्त्र तालिम केन्द्र चितवनमा बुझाई सकेको व्यहोरा अनुरोध छ । लुटेराहरूलाई खोजतलास गरी कारवाही हुन जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा मैले जाहेरी समेत चढाएको छु । सामान फेला परेको अवस्थाले प्रष्ट हुन्छ कि मैल कसूर नगरेको र विभागीय सजाय नगरियोस् भनी यो सफाई पेश गरी अनुरोध गर्दछु भन्ने समेत व्यहोराको यी पुनरावेदकले मिति २०७०।८।२७ मा वन तथा भू-संरक्षण मन्त्रालयमा पेश गरेको सफाई ।

अपिनाम्पा संरक्षण क्षेबको प्रमुख संकलन अधिकृत भएको समयमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा सुरक्षा भण्डारण गर्न भनी आफैले जिम्मा लिई ओसारपसार गरिरहँदा आखेटोपहार लुटिएको भनिएको घटनाका सम्बन्धमा मिति २०७०।८।१३ को गोरखापत्रमा सफाई पेश गर्न सूचित गरिए अनुसार तपाईले पेश गरेको मिति २०७०।८।२७ को सफाईको गम्भिरतापूर्वक अध्ययन एवं मनन् गर्दा र राष्ट्रिय निुकञ्ज तथा बन्यजन्तु संरक्षण विभागमा विभिन्न मितिहरूमा तपाईले पेश गरेका सफाई स्पष्टीकरणहरूको अध्ययन मनन् गर्दा सन्तोषजनक मान्न सकिएन । सुरक्षाको भरपर्दो व्यवस्था र सम्बन्धित निकायहरूसँग समन्वय नगरी मुद्दा हेर्ने अधिकारी तथा प्रमुख संरक्षण अधिकृत आफैले आखेटोपहार स्थानान्तरण गर्न आफैं जिम्मा लिई ओसारपसार गर्ने कार्य निजामती सेवा ऐन, २०४९ (संशोधनसहित) को दफा ६०**क** अन्तर्गतको खण्ड (क) को अनुशासनहीन कार्य देखिन आएको तपाईलाई सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (३) अनुसार कारवाही गर्नुपर्ने देखिएकाले कारवाही गर्नु नपर्ने आधारभूत कागज प्रमाण र भपाई भए ७ (सात) दिनभित्र निजामती सेवा ऐन, २०४९ को दफा ६६ अनुसार सफाई पेश गर्नु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।१०।२७ को निर्णयानुसार अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०७०।१०।२८ मा यी पुनरावेदकलाई सफाई पेश गर्ने सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालयको पत्र ।

मिति २०७०।३।३ गते विहान करीब १:३० बजे कपिलवस्तु जिल्ला शिवपुर गा.वि.स. वडा नं १ चोरखोला भन्ने स्थान पूर्व पश्चिम राजमार्गमा पल्सर मोटर वाइक तेर्साई बाटो अवरुद्ध गरी लुटेराहरूले मेरो गर्धनमा पेस्तोल राखी हान भन्दै कब्जा गरी ड्राइभर पदम विष्टलाई निर्घात कुटपिट गरी केही लुटेराले हामीसँग भएको सम्पूर्ण सामान लुटी लगेको र उक्त घटना हुँदा केही ट्रक चालकहरूले पनि देखेका थिए । सोही दिन विहान करिब २:२० को समयमा इलाका प्रहरी चौकी चन्द्रौटामा गई घटनाको जाहेरी गरेका थियौं । खोजतलासको क्रममा भोलिपल्ट बाघको छाला ३ थान, चितुवाको छाला १ थान, र सालकको कत्ला ३३.४ के.जी. (बोरा बाहेकको तौल) फेलापरी जिल्ला वन कार्यालय कपिलवस्तुको मिति २०७०।२।३१ मार्फत सशस्त्र तालिम केन्द्र टिकौली, चितवनमा बुझाई सकेको छ । सम्बन्धित निकायहरूसँग लिखित एवं टेलिफोन मार्फत समन्वय गरी आदेश लिएको व्यहोरा संलग्न पत्रबाट प्रष्ट कुन्छ । मुद्दा हेर्ने अधिकारी तथा प्रमुख अधिकृत एकै व्यक्ति भएको र आखेटोपहारको व्यवस्थापन गर्ने गराउने जिम्मेवारी पनि निजको नै भएकोले कर्मचारी अभाव भएको कार्यलयको अवस्थामा आखेटोपहार व्यवस्थापन गर्ने कार्य इमान्दारीका साथ स्थानान्तरण गर्न आफैं जिम्मा लिई सम्पादन गर्न खोजिएको बखत लुटेराले बलपूर्वक डाँका शैलीमा घटना भएता पनि उक्त सामान फेला पारी सशस्त्र वन

रक्षक तालिम केन्द्रमा बुझाइएको हुँदा असल नियतबाट कार्यालयको काम कारवाही तथा जिम्मेवारी वहन गरेकोमा निजामती सेवा ऐन, २०४९ (संशोधनसहित) को दफा ६० (क) अन्तर्गतको खण्ड (क) को कार्य गरेको नठहऱ्याई मैले कुनै किसिमको अपराध नगरेको र म माथि घटेको यस प्रकारको पिडामा प्रमाणहरू अध्ययन मनन् गरी सफाई दिन र मलाई सोही ऐनको दफा ५९ का खण्ड (क) को दफा (३) अनुसार कारवाही गर्नु नपर्ने आधारभूत कागज प्रमाणहरू निजामती सेवा ऐन, २०४९ को दफा ६६ अनुसार निवेदन साथ संलग्न राखी सफाई पेश गरेको छु भन्ने समेत व्यहोराको यी पुनरावेदकले बन तथा भू-संरक्षण मन्त्रालयमा मिति २०७०।११।५ मा पेश गरेको सफाई ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत पदाधिकार रहेका प्रमुख संरक्षण अधिकृत ( रा.प.द्वितीय प्रा.) शेरसिंह ठगुन्नाले निजामती सेवा ऐन, २०४९ का (संशोधनसहित) को दफा ६० **क** को (क) को कसूर गरेको देखिएकोले सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (३) बमोजिम ५ (पाँच) तलव वृद्धि रोक्का गर्ने सजाय गर्न तहाँ आयोगको परामर्श उपलव्ध गराई दिन हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।११।८ को निर्णयानुसार अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०७०।११।१९ मा वन तथा भू-संरक्षण मन्त्रालयले लोक सेवा आयोग केन्द्रीय कार्यालयलाई परामर्श उपलव्ध गराइदिन लेखेको पत्र ।

दार्चुला जिल्ला अन्तर्गत अपिनाम्पा संरक्षण क्षेत्रका प्रमुख शेरसिंह ठगुन्नाले दार्चुला जिल्लाबाट चितवनस्थित कार्यालयमा बुझाउन ल्याएको बाघको छाला तीन थान, चितुवाको छाला एक थान, रतुवा मृगको छाला दश थान र सालकको खपेटा चालिस किलो समेत कपिलवस्तु जिल्लाको चोरखोला भन्ने स्थानमा मिति २०७०।३।३ गते बिहान १.३० बजेको समयमा लुटिएको देखियो । निजले उल्लेखित आखेटोपहारहरू जिम्मा लिई सुरक्षा निकायमा खबर समेत नगरी रातको समयमा हतार हतार हिड्नु, शंकास्पद व्यक्तिहरूले पिछा गरेको थाहा पाउँदा पाउँदै पनि सुरक्षाको उचित प्रबन्ध मिलाउन नसक्नु, बरामद हुन बाँकी रतुवा मृगको छाला दश थान र सालकको खपेटा छ किलो ६०० ग्राम फेला पार्न पर्याप्त खोजी नगर्नु नगराउनु, लुटेराहरूले प्रयोग गरेको मोटरसाइकलको नम्वर समेत प्रहरीलाई स्पष्टसँग भन्न नसक्नु, निज अधिकृतस्तरको कर्मचारीबाट कमी कमजोरी भएको देखिन्छ । आफूलाई सुम्पिएको कार्य आफनो पदीय जिम्मेवारी सम्झी पूर्ण सहजताका साथ सम्पादन गर्नुपर्नेमा सो नगरी लापरवाही अपनाउँदा यस्तो घटना घट्न गएको देखियो । तसर्थ निजले आफनो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने कर्तव्य समेत पालना नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (छ) बमोजिम अनुचित कार्य गरेको हुँदा निजलाई सोही ऐनको दफा १२ क. बमोजिम विभागीय कारवाही गरी आयोगको अनुगमन महाशाखामा जानकारी गराउन हुन आयोगको मिति २०७१।२।७ को बैठकको निर्णयानुसार अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०७१।२।१४ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले वन तथा भू-संरक्षण मन्त्रालयलाई विभागीय कारवाही गरी जानकारी गराउने सम्बन्धमा लेखेको पत्र ।

अपिनाम्पा संरक्षण क्षेत्रका प्रमुख अधिकृत शेरसिंह ठगुन्नालाई निजामती सेवा ऐन, २०४९ (संशोधनसहित) को दफा ६०**क** को (क) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (३) बमोजिम ५(पाँच) तलव वृद्धि रोक्का गर्ने सजाय गर्न परामर्शको लागि मन्त्रालयको मिति २०७०।११।१९ को पत्रबाट लोकसेवा आयोगमा पठाइएको व्यहोरा जानकारीको लागि आदेशानुसार अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०७१।२।२१ मा वन तथा भू-संरक्षण मन्त्रालयले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई विभागीय कारवाही सम्बन्धमा लेखेको पत्र ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत पदाधिकार रहेका प्रमुख संरक्षण अधिकृत शेर सिंह ठगुन्नालाई निजामती सेवा ऐन, २०४९ (संशोधनसहित) को दफा ६० **क** को (क) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (क) का देहाय (३) बमोजिम ५ (पाँच) तलव वृद्धि रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श

माग भई आएकोमा माग बमोजिम परामर्श पठाउने र एक महिनाभित्र विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई गराउन लेखी पठाउने भनी आयोगबाट मिति २०७१।२।२९ मा निर्णय भएको हुँदा निजलाई एक महिनाभित्र निजामती सेवा नियमावली, २०५० को अनुसूची-१७ बमोजिमको ढाँचामा विभागीय सजाय गरी सोको प्रतिलिपि सहितको जानकारी आयोगलाई समेत दिनहुन अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०७१।२।२९ मा लोक सेवा आयोगले वन तथा भू-संरक्षण मन्त्रालयलाई परामर्शसहित फाईल फिर्ता पठाएको पत्र ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतको नेपाल वन सेवा, नेशनल पार्क एण्ड वाइल्ड लाइफ समूह रा.प.द्वितीय (प्रा.) श्रेणीको पदमा कार्यरत शेरसिंह ठगुन्ना अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय, दार्चुलाको प्रमुख संरक्षण अधिकृत पदमा कार्यरत रहेको अवस्थामा जिल्ला वन कार्यालय, दार्चुलाको मिति २०७०।२।३१ को पत्रसाथ वाघको छाला थान ३, चितुवाको छाला १, रतुवाको छाला थान १० गरी सम्मा थान १४ र अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय, दार्चुलाको सालक खपेटा (कत्ला) ४० के.जी. समेत बुझिलिई सुरक्षित भण्डारण गर्न दार्चुला जिल्लाबाट चितवन तर्फ जिल्ला वन कार्यालय दार्चुलाको बा.१.झ. ५०८५ नं.को पिकअपमा राखी आउने क्रममा कपिलवस्तु जिल्लाका शिवपुर चोरखोलामा अज्ञात समूहले मोटरसाईकल तेर्स्याई पेस्तोल देखाई उक्त सामान लुटिएको भनिएको घटनाको सम्बन्धमा मुद्दाको अभियोजनकर्ता, आदेशकर्ता र मुद्दाको किनारा गर्ने अधिकारी आफैले आखेटोपहार जिम्मा लिई सुरक्षाको आवश्यक व्यवस्था नमिलाई रातको समयमा लिई हिडी अनुशासनहीन काम गरेको देखिएकोले निजसँग मन्त्रालयको प.स.प्र.टि.फा. ०७०।७१ नं ३७६५ मिति २०७०।१०।२८ को पत्रबाट निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम ७ (सात) दिनको म्याद दिई सफाई माग गरिएकोमा निजबाट मिति २०७०।११।५ मा प्राप्त सफाई सन्तोषजनक मान्न सकिएन । संकलन भएका कागजात बुझिएका सबूद प्रमाण उपर समेत विचार गर्दा निज शेर सिंह ठगुन्नाले निजामती सेवा ऐन, २०४९ (तेस्रो संशोधनसहित) को दफा ६०**क** को खण्ड (क) बमोजिमको कसूर गरेको देखिएकोले निज उपर सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (३) बमोजिम ५(पाँच) तलव वृद्धि रोक्का गर्न सजाय प्रस्ताव गरी सो सजाय गर्नको निमित्त निजामती सेवा ऐन, २०४९ को दफा ६८ बमोजिम लोक सेवा आयोगको केन्द्रीय कार्यालयमा परामर्शको लागि पठाइएकोमा आयोगको मिति २०७१।२।२९ को पत्रबाट परामर्श प्राप्त भए अनुरूप निज रा.प.द्वितीय (प्रा.) शेर सिंह ठगुन्नालाई ५ (पाँच) तलव वृद्धि रोक्का गर्ने सजाय गर्ने निर्णय आदेश गरिएको छ । यो आदेशमा चित्त नबुझेमा निजामती सेवा नियमावली, २०५० को नियम ११४ को खण्ड (घ) को म्यादभित्र प्रशासकीय अदालतमा पुनरावेदन दिन सकिनेछ भन्ने समेत व्यहोराको मिति २०७१।३।२० मा वन तथा भू-संरक्षण मन्त्रालयका सचिवले यी पुनरावेदकलाई गरेको विभागीय सजायको निर्णय ।

मैले निजामती सेवा ऐन, २०४९ को दफा ६०**क** अन्तर्गत खण्ड (क) को कुनै कसूर नगरेको, गरेको भन्ने पनि कही कतै प्रमाणित नभएको ऐ. दफा ५९ खण्ड (क) को दफा (३) अनुसार पनि मलाई कारवाही हुने अवस्था नभएको र मैले दिएका स्पष्टीकरण जवाफ अनुसार पनि मलाई कारवाही हुने अवस्था नभएको र मैले दिएका स्पष्टीकरण जवाफ के कति कारणले चित्त बुझ्दो भएन सो को कारण पनि मलाई दोषी देखाउन नसकेको अबस्थामा विभागीय प्रमुख सचिवज्यूले मिति २०७१।३।२० मा गर्नुभएको निर्णय फैसला उपर उल्लेखित लेखिए बमोजिमका तथ्य आधार र कारण समेतबाट कानूनी त्रुटिपूर्ण हुँदा बदर गरी प्रस्तुत कारवाही र सजायबाट म पुनरावेदकलाई सफाई पाउने गरी न्याय इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७१।४।७ मा यी पुनरावेदकले यस अदालत समक्ष पेश गरेको पुनरावेदन पत्र ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट मिति २०७०।३।४ मा गठन भएको छानविन समितिको प्रतिवेदन समेतको मूल्याङ्कन गरी विभागीय सजायको निर्णय गर्नुपर्नेमा सबूद प्रमाणको मूल्याङ्कन नै नगरी गरेको विभागीय सजायको निर्णय विचारणीय भएकोले अ.वं. २०२ नं. बमोजिम विपक्षीलाई

महान्यायाधिवक्ताको कार्यालय मार्फत सूचना दिई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७१।४।२९ मा यस अदालतबाट भएको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा निजामती सेवा ऐन, २०४९ को दफा ६० **क** अन्तर्गत खण्ड (क) को कुनै कसूर नगरेको, गरेको भन्ने पनि कही कतै प्रमाणित नभएको, ऐ. दफा ५९ खण्ड (क) को देहाय (३) अनुसार पनि कारवाही हुने अवस्था नभएको र दिएको स्पष्टीकरण जवाफ के कति कारणले चित्त बुझ्दो भएन सो को कारण पनि खुलाउन नसकेको अबस्थामा मिति २०७१।३।२० मा भएको विभागीय सजायको निर्णय त्रुटिपूर्ण हुँदा बदर हुनुपर्दछ भन्ने पुनरावेदकको जिकिर र प्रत्यर्थी तर्फबाट रहनु भएका उपन्यायाधिवक्ता रमानाथ पौडेलले मुद्दाको अभियोजन गर्ने र मुद्दाको किनारा गर्ने समेतको अधिकार भएका यी पुनरावेदक जस्तो एक जिम्मेवार अधिकारीले रातको समयमा सुरक्षा निकायलाई कुनै जानकारी नगराई वन्यजन्तुको छाला आखेटोपहार समेत लिई गाडीमा राती हिडेको अवस्थामा लुटिएको हुँदा निजले लापरवाहीपूर्वक गरेको कार्यका लागि अधिकारप्राप्त अधिकारीबाट भएको निजामती सेवा ऐन, २०४९ को दफा ५९ खण्ड (क) को देहाय (३) बमोजिम पाँच ग्रेड रोक्का गर्ने गरी गरेको विभागीय सजायको निर्णय कानूनसम्मत हुँदा सदर हुनुपर्दछ भनी गर्नुभएको वहस समेत सुनी सम्बन्धित मिसिल कागजात अध्ययन गरी हेर्दा वन तथा भू-संरक्षण मन्त्रालयका सचिवले यी पुनरावेदकलाई मिति २०७१।३।२० मा गरेको ५(पाँच) तलव वृद्धि रोक्काको विभागीय सजायको निर्णय  कानूनसम्मत छ, छैन ? र सो निर्णय बदर हुनु पर्ने हो, होइन ? भन्ने प्रश्नमा नै यस अदालतबाट निर्णय दिनुपर्ने देखिन आयो ।

प्रस्तुत मुद्दामा राष्ट्रिय निकञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत नेशनल पार्क एण्ड वाइल्ड लाइफ समूह रा.प. द्वितीय (प्राविधिक) श्रेणीको पदमा कार्यरत यी पुनरावेदक अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय, दार्चुलाको प्रमुख संरक्षण अधिकृत पदमा कार्यरत रहेको अवस्थामा जिल्ला वन कार्यालय दार्चुलाको पत्रसाथ बाघको छाला थान-३, चितुवाको छाला थान-१ र रतुवाको छाला थान-१० र अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय, दार्चुलाको सालकको खपटा(कत्ला) ४० के.जी समेत बुझी लिई सुरक्षित भण्डार गर्न दार्चुला जिल्लाबाट चितवनतर्फ जिल्ला वन कार्यालय, दार्चुलाको बा. १ झ. ५०८५ नं को पिकअप गाडीमा राखी आउने क्रममा उक्त सामान लुटिएको भनिएको घटनाको सम्बन्धमा मुद्दाको अभियोजनकर्ता, आदेशकर्ता र मुद्दाको किनारा गर्ने अधिकारी आफैंले आखेटोपहार जिम्मा लिई सुरक्षाको आवश्यक व्यवस्था नमिलाई रातको समयमा लिई हिंडि अनुशासनहीन काम गरेको देखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० **क** को खण्ड (क) बमोजिमको कसूरमा निजलाई सोही ऐनको दफा को ५९ खण्ड (क) को देहाय (३) बमोजिम पाँच तलव वृद्धि रोक्काको विभागीय सजाय गर्ने गरी वन तथा भू-संरक्षण मन्त्रालयका सचिवबाट मिति २०७१।३।२० मा निर्णय भएको देखियो । यस सम्बन्धमा मुद्दा हेर्ने र प्रमुख संरक्षण अधिकृत एउटै व्यक्ति भएको तथा आखेटोपहार संरक्षण गर्ने जिम्मेवारी पनि आफ्नै भएकोले कर्मचारी अभावका कारण आखेटोपहार संरक्षण गर्ने जिम्मेवारी इमान्दारिपूर्वक पूरा गर्न आफैंले लिई गएका वखत लुटेराले बलपूर्वक डाँकाशैलीमा घटना घटाएकोले असल नियतबाट काम नगरेको भनी सजाय गर्नु उचित नभएको भन्ने यी पुनरावेदकको स्पष्टीकरण र पुनरावेदन जिकिर देखिन्छ । यी पुनरावेदकले सशस्त्र तालिम केन्द्र, टिकौली चितवनमा सो आखेटोपहार बुझाउन लगेको अवस्थामा बीच बाटोमा डाँका परी सो वस्तुहरू लुटिएको भन्ने कुरामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट गठित छानविन समितिको प्रतिवेदनबाट समेत देखिएको र लुटिएका वस्तुहरूमध्ये पाटेबाघको छाला थान ३, चितुवाको छाला थान १, सालकको कत्ला (खपेटा) ३३ के.जी. चारसय ग्राम समेत बरामद भइसकेको भन्ने यी पुनरावेदकको जाहेरीले नेपाल सरकार भएको डाँका मुद्दामा अनुसन्धानका क्रममा इलाका कार्यालय दाङ्गबाट वरामद भई जिल्ला वन कार्यालय दाखिला भएको भन्ने वन कार्यालय कपिलवस्तुको मिति २०७०।३।७ को पत्रबाट देखिएको अवस्थामा यी पुनरावेदकको जिम्मा रहेको आखेटोपहार भण्डारणका निम्ति लगिएको अवस्थामा बाटैमा लुटिएको भन्ने नै देखिन आयो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट गठित

छानविन टोलीले सुरक्षा व्यवस्था नगरी कार्यालय प्रमुख स्वयंले संरक्षित वन्यजन्तु लगायत आखेटोपहार ओसारपसार गरेकोले सो वस्तुहरू लुटिएको भन्ने मिति २०७०।३।९ को छानवीन प्रतिवेदन समेतबाट देखिन्छ । यस प्रतिवेदनको विषयवस्तु र व्यहोराबाट समेत निजामती सेवा ऐन, २०४९ बमोजिम निजले गरेको काम अनुशासनहीन भन्ने नदेखिई आफ्नो जिम्मेवारी होसियारीसाथ वहन नगरेको भन्नेसम्मको अवस्था देखियो । यस अवस्था र सन्दर्भमा निज पुनरावेदकले अनुशासनहीन काम गरेको भनी निजामती सेवा ऐन, २०४९ को दफा ६०**क** को खण्ड (क) को व्यवस्था आकर्षित हुने नभई दफा ६० को व्यवस्था आकर्षित हुने भएकोले यी पुनरावेदकलाई दफा ६०**क** को खण्ड (क) बमोजिम सजाय गरेको मिलेको देखिएन । यी पुनरावेदकलाई मिति २०७१।३।२० मा गरेको सो सजाय वदर भई निज कार्यालय प्रमुख जस्तो जिम्मेवार व्यक्तिले महत्वपूर्ण संरक्षित वन्यजन्तुको आखेटोपहार संरक्षणका लागि भण्डारण गर्न लैजाँदा सुरक्षा व्यवस्थाको उचित बन्दोवस्त गरी लैजानुपर्नेमा त्यति हदसम्म ध्यान पुऱ्याएको नदेखिएकाले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) र (घ) बमोजिम निजले आफ्नो दायित्व जिम्मेवारीपूर्वक वहन गरेको नदेखिंदा सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (१) अनुसार नसिहतको सजाय हुने ठहर्छ । यो फैसलाको जानकारी लोक सेवा आयोग, पुनरावेदक, सम्बन्धित मन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिई मिसिल नियमानुसार बुझाई दिनू ।

....................................

(काशीराज दाहाल)
अध्यक्ष

उक्त रायमा सहमत छौं ।

....................................
(ङइन्दप्रसाद उपाध्याय)
सदस्य

....................................
(कुमार योञ्जन तामाङ्ग)
सदस्य

इति सम्वत् २०७१ साल असोज ३० गते रोज ५ शुभम् ।